का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ मंसिर २०७९,
आइतबार
04 December 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सरकार गठनमा रेशमको खोजी

रेशम चौधरीले जेलबाटै बनाएको पार्टीले प्रतिनिधि सभामा चार सिट ल्याएपछि सरकार गठनमा साथ खोज्दै नेताहरु जेल धाइरहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

नयाँ सरकार गठनको कसरतमा रहेका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले नागरिक उन्मुक्ति पार्टी (नाउपा)को साथ खोजेका छन् ।

नाउपाले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ स्वतन्त्र समेत गरी चार सिट जितेको छ । नाउपाबाट कैलाली १ बाट रन्जिता श्रेष्ठ, कैलाली २ बाट अरुणकुमार चौधरी र कैलाली ३ बाट गंगाराम चौधरी प्रतिनिधि सभामा निर्वाचित भएका छन् । यस्तै, बर्दिया २ बाट रेशमका बुवा लालवीर चौधरी स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका छन् । नाउपाको समानुपातिकतर्फ तीन प्रतिशत थ्रेसहोल्ड कट्ने सम्भावना न्यून छ ।

तर, यही तीन सिट नि सरकार गठनको जोड घटाउमा निर्णायक हुन सक्ने भएपछि ठूला दलका शीर्ष नेताहरु आफैं वा आफ्ना विश्वासपात्रलाई सहयोग माग्न नाउपाका संस्थापक अध्यक्ष रेशम चौधरीलाई भेट्न जेलमै पठाइरहेका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले रेशमलाई आफैं भेटेका छन् । कांग्रेसका शीर्ष नेताहरूले पनि विश्वास पत्रालाई रेशमसँग भेट गर्न जेल पठाएका छन् ।

नागरिक उन्मुक्ति पार्टीले भने सरकार बनाउन सहयोग गर्नका लागि रेशम चौधरी लगायत मुद्दा फिर्ताको मुद्दालाई नै प्रधान बनाएको छ । अब उधारो सहमति नभइ माग पुरा भएपछि मात्रै सहयोग गर्ने उनीहरुको अडान छ ।

नाउपाका प्रवक्ता दामोदर पण्डित भन्छन्, 'हामीले टीकापुर घटनाको मुद्दा फिर्ता लिनुपर्छ भनेको छौं । सरकारले तत्काल मुद्दा फिर्ता लिए प्रदेश र संघ दुवै सरकारमा तुरुन्त सहभागी हुन्छौं । यदि सरकारले मुद्दा फिर्ता हामी सडकबाटै दबाब दिन्छौं ।' २०७४ सालको चुनावमा रेशम तत्कालीन राजपाबाट कैलाली १ बाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए । उनको मुद्दा फिर्ता लिने भन्दै पार्टी सरकारमा समेत गएको थियो । तर, मुद्दा सरकारले फिर्ता नलिएपछि रेशम चौधरीले जेलबाटै पार्टी बनाएका हुन् । उनको पार्टीले प्रतिनिधि सभामा ४ सिट ल्याएपछि सरकार गठनमा निर्णायक भएको हो ।

२०७२ सालमा भएको टीकापुर घटनामा ८ प्रहरी र एक नाबालकसहित ९ जनाको ज्यान गएको थियो । थारु समुदायले कैलाली र कञ्चनपुरलाई थरुहट प्रदेशमा राख्नुपर्ने माग गरेको थियो । तर, थारुबाहेकका समुदाय अखण्ड सुदूरपश्चिमको पक्षमा देखिएका थिए । यही विवादमा आन्दोलन चर्किंदा टीकापुर घटना भएको थियो ।

सोही घटनामा रेशमसहित प्रदीप चौधरी, हरिनारायण चौधरी, गंगाराम डगौरा, वीरबहादुर चौधरी, सीताराम चौधरी संलग्न भएको भन्दै जन्मकैदको सजाय तोकिएको छ । उनीहरु अहिलेपनि जेलमै जीवन काटिरहेका छन् । अरु ५८ जनाले राजद्रोहको मुद्दा बोकिरहेका छन् ।

टीकापुर घटनामा छानबिन गर्न सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश

– बाँकी पृष्ठ २ मा

# माओवादीको एमाले कार्ड

## सरकार बनाउन सबै विकल्प खुला

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।




सत्तागठबन्धनको प्रमुख दल माओवादी केन्द्रले एमालेसँग पनि सहकार्य हुनसक्ने संकेत गरेको छ । नेपाली कांग्रेसले प्रधानमन्त्री नदिने संकेत गरेपछि माओवादी केन्द्रले जुनसुकै दलसँग पनि सहकार्य हुनसक्ने जनाएको हो ।

शनिबार निर्वाचन समीक्षा र सरकार गठनबारेको छलफल गर्न बसेको बैठकले जुनसुकै दलसँग पनि सहकार्य हुनसक्ने दाबी गरेको हो । 'सत्तागठबन्धन छोड्ने निर्णय गरिएको छैन । अन्य विकल्प पनि खुल्ला राख्ने निर्णय भएको छ' माओवादी केन्द्रका उपाध्यक्ष कृष्ण बहादुर महराले भने । उनले एमालेसँग सहकार्य गर्ने नगर्नेबारेमा ठोस निर्णय नभएपनि जुनसुकै दलसँग मिलेर जान सकिने संकेत गरेका छन् ।

तर, माओवादी केन्द्रका अर्का नेता लिलामणि पोखेल एक कार्यक्रममा एमालेसँग पनि सहकार्य हुनसक्ने संकेत गरेका थिए । विशेषगरि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अध्यक्ष प्रचण्डलाई मिलेर जाने सहमति जुटाउन फोन गरेपछि माओवादी केन्द्र आफूलाई फाईदा नभए गठबन्धन छोड्ने तयारीमै पनि देखिएको हो ।

तर, नेकपा माओवादी केन्द्रकी नेतृ रेखा शर्माले भने माओवादी केन्द्रले गठबन्धन नछोड्ने संकेत गरेकी छिन् । 'माओवादी केन्द्रले गठबन्धनमा कुनै घात गर्दैन, अहिलेसम्म गठबनन्धनलाई नै अघि बढाउने हाम्रो सहमति छ, उनले भन्िन । साथै उनले प्रधानमन्त्रीमा माओवादीको दाबी स्वभाविक रहेको पनि बताएकी छिन् ।

यता, नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ्गले पनि सबैले गल्ती कमजोरी सुधारेर वामएकताका लागि पहल हुनुपर्ने प्रतिक्रिया दिएका छन् ।

'अब त्यो चरण सकियो । हिजो कहीँकतै त्यस्तो भएको रहेछ भने पनि त्यो गल्ती कमीकमजोरी हो, त्यसलाई सच्याएर अघि बढ्नुपर्छ', नेम्वाङले भने । उनले एमालेबाट विभाजन भई गठन भएको नेकपा एकीकृत समाजवादी र माओवादीलाई सहकार्यमा आउन अपिल समेत गरेका थिए ।

'प्रत्येक निर्वाचनमा मतदाता ठगिएका छन् । देखिने र सुनिने गरी जिम्मेवार प्रतिपक्षी बन भनेर राजनीतिक परिक्षणको लागि सानो संख्या मात्र दिएर सदनमा पठायो- हरेक साना दलहरू पनि सरकारमै जान खुट्टा उचाल्छन्, बरू काँग्रेस/एमालेले सरकार बनाएर अरु सबै दल प्रतिपक्षमा बस्नुपर्छ, राजनीतिक विश्लेषक मुमाराम खनालले भने । उनले माओवादी केन्द्र अझै पनि कोसित सरकारमा जाँदा फाईदा हुन्छ भन्ने दाउ मात्रै हेरिरहेको बताएका छन् । तरपनि, प्रचण्ड सहित माओवादीका शीर्षस्थ नेता गठबन्धनमा भाग नमिले एमालेसँग मिलेर सरकार बनाउने तयारीमा जुटेको छ ।



# जबराको पूरा भएन

## सर्वोच्च फर्किने सपना

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

गत वर्ष १ फागुनमा संघीय संसदमा महाअभियोग प्रस्ताव दर्ता भएपछि निलम्बनमा परेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले उमेर हदका कारण यही मंसिर २७ गतेबाट अनिवार्य अवकास पाउँदैछन् । जबराविरुद्धको महाभियोग प्रस्ताव प्रतिनिधिसभामा अलपत्र छ ।

जबराले अवकास पाउने बेलासम्म पनि नयाँ प्रतिनिधिसभा गठनको सम्भावना छैन । निवर्तमान प्रतिनिधिसभाले टुंगो लगाउन नसकेको महाभियोग प्रस्ताव अलपत्र बनिरहेका बेला जबराले अनिवार्य

– बाँकी पृष्ठ २ मा

जबराले अवकास पाउने बेलासम्म पनि नयाँ प्रतिनिधिसभा गठनको सम्भावना छैन । निवर्तमान प्रतिनिधिसभाले टुंगो लगाउन नसकेको महाभियोग प्रस्ताव अलपत्र बनिरहेका बेला उनले अनिवार्य अवकाश पाउन लागेका हुन् ।

वैदेशिक रोजगार विशेष

# काउन्सिलर श्रम तथा श्रम सहचारीहरुको नतिजा सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काउन्सिलर श्रम तथा श्रम सहचारी छनोटको नतिजा सार्वजनिक गरेको छ । मन्त्रालयले गत साउन २० गते काउन्सिलर श्रम तथा श्रम सहचारीहरुको छनोट तथा सिफारिसका लागि आवेदन गर्न मन्त्रालय माताहतका योग्य कर्मचारीका लागि सूचना प्रकाशित गरेको थियो ।

मन्त्रालयले प्राप्त आवेदनमा काउन्सिलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड २०७३ अनुसार गठित सिफारिस समितिको नतिजाअनुसार शुक्रबार सचिवस्तरीय निर्णय गरी नतिजा सार्वजनिक गरेको बताएको छ ।

सार्वजनिक नतिजाअनुसार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा कार्यरत निर्देशक भोलानाथ गुरागाईं, मन्त्रालयमा कार्यरत चन्द्रकला चौलागाईं

– बाँकी पृष्ठ २ मा

## कतारमा जारी फिफा विश्वकपमा भोलेण्टियरका रुपमा सेवा गर्दै नेपाली युवतीहरु



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ मंसिर

मध्यपूर्वको खाडी राष्ट्र कतारमा अहिले फिफाको २२ औं संस्करणको विश्वकप चलिरहेको छ । नोभेम्बर २०, २०२२ बाट शुरु भएको खेल अहिले नकआउट चरणमा रहेको छ । कतारमा विभिन्न स्थानमा हरेक वर्ग, तह र तप्काका नागरिकले फुटबल हेरुन् भनेर 'फ्यान जोन'को निर्माण गरिएको छ ।

कतार सरकारले होस् या फिफाले कसैलाई पनि

– बाँकी पृष्ठ २ मा

Urgently Required

A well established foreign employment company is looking for the following staff.

**Office Secretary (Female)** — 2 Nos.

Requirements:
- Bachelor's Degree from a recognized university.
- Fluent in English (Speaking, Reading & Writing).
- Competent in IT and must be able to operate MS office.

**Office Documentation (Male/Female)** — 2 Nos.

Requirements:
- 10+2 passed from a recognized university.
- Should have good computer knowledge.
- Should have knowledge of MS Office and Photoshop.

**Public Relation Officer (Male/Female)** — 2 Nos.

Requirement :
- Maintaining good relations with agent and applicants.
- Work under rules and regulations of office and Baideshik Rojgar Bibhag.
- Provide only right informations to the clients.

Salary is Negotiable

Preference will be given to candidate with experience in similar fields.

*Sent CV to : cvtimesmanpower944@gmail.com including your post and salary.*

TMS Times Management System Pvt. Ltd.
Govt. Lic. No.: 944/067/68
Gongabu, Tokha Kathmandu, Nepal
Tel : 01-5906211, 5907211

फ्रि भिषा, फ्रि टिकटमा यूएईमा रोजगारको अवसर

कम्पनी: ABELA & CO. LLC  शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०८/१५  चलानी नं.: ६०१९२५८१  L.T. No.: 276991

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 23 | 0 | स. काममा दक्ष | 1300 | ४५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 5 | 0 | | 1400 | ४९,४२० | | | | | | | |
| 3. | Captain | 10 | 5 | | 2200 | ७७,६६० | | | | | | | |
| 4. | Cashier | 5 | 10 | | 1500 | ५२,९५० | | | | | | | |
| 5. | Cdp | 5 | 5 | | 2000 | ७०,६०० | | | | | | | |
| 6. | Commi Chef | 7 | 15 | | 1500 | ५२,९५० | | | | | | | |
| 7. | Commi Waiter | 30 | 0 | | 1400 | ४९,४२० | | | | | | | |
| 8. | Commi Waitress | 0 | 20 | | 1400 | ४९,४२० | | | | | | | |
| 9. | F & B Supervisor | 5 | 0 | | 2000 | ७०,६०० | | | | | | | |
| 10. | Housekeeper | 30 | 20 | | 1200 | ४२,३६० | | | | | | | |
| 11. | Kitchen Helper | 20 | 0 | | 800 | २८,२४० | | | | | | | |
| 12. | Stewards | 50 | 0 | | 800 | २८,२४० | | | | | | | |
| 13. | Store Keepers | 5 | 0 | | 2000 | ७०,६०० | | | | | | | |
| 14. | Waiter | 20 | 0 | | 1600 | ५६,४८० | | | | | | | |
| 15. | Waitress | 0 | 30 | | 1600 | ५६,४८० | | | | | | | |

नोटः प्रि अन्तर्वार्ता धमाधम भई राखेको छ ।
प्रि अन्तर्वार्तामा पास भएकालाई मात्रै फाईनल अन्तर्वार्तामा सामेल गराईनेछ ।

अन्तर्वार्ता सेन्टर प्वाईट होटेल, विर्तामोड, झापामा २०७९ मंसिर २८ गते (14 December 2022) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०७९ मंसिर २९ गते (15 December 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस १ गते (16 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ६६०/०६३/०६४
Kathmandu 10, Pipalbot Marg, Old Baneshwor Height, Nepal
फोनः ५९१२८४३, ५९१२८४४
Email: admin@codehrnepal.com |manojcodenepal@gmail.com
Url www.codenepal.com.np
Mobile: 9801126842/ 9851082081/ 9815900470/ 9808177945
UKAS 043-A | URS ISO 9001-2008 CERTIFICATE No. : 50279/A

# जीप दुर्घटनामा ५ को मृत्यु

**धनुषा/मस-** धनुषामा जन्ती बोकेको जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पिपरा गाउँपालिकाका ११ वर्षीय बालक एस कुमार, धनुषाको मुखियापट्टी मुसहरनिया तुल्सीयाहीका ३५ वर्षीय रुवीकुमारी साह, महोत्तरीको रामगोपालपुर-७ सहसौला बस्ने १७ वर्षीया मञ्जुकुमारी साह र निजकी बहिनी १३ वर्षीया सिर्जना साह तथा जीप चालक धनुषाको धनौजी-४ बस्ने २५ वर्षीय अबदुल मन्सुरी रहेको प्रहरीले जनाएको छ ।



यस्तै जीप दुर्घटनामा महोत्तरीको लोहारपट्टि-४ बगरा बस्ने १४ वर्षीया प्रतिका साह, १८ वर्षीया कविताकुमारी साह, धनुषाको मुखियापट्टि मुसरनिया-४ बस्ने ३५ वर्षीय संजय साह, ३ वर्षीया बालिका अरूसा साह, ६ वर्षीय बालक अर्वण साह, १० वर्षीय आयुसकुमार साह, महोत्तरीको पिपरा-२ बस्ने २६ वर्षीय प्रियङ्का साह, ५ वर्षीया बालिका प्रतिका साह र ४ वर्षीय बालक अंशु साह घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरैका अनुसार जन्ती बोकेको बा १ ज ८२९३ नम्बरको जीप बिहान ४:३० बजे पूर्वपश्चिम राजमार्गको वीरेन्द्र बजारमा दुर्घटना भएको हो । जीपमा महोत्तरीको पिपरा गाउँपालिका गमहरियाका जन्ती इटहरीबाट फर्किँदै थिए । घाइतेको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको प्रहरीले जनाएको छ ।

# निर्वाचनपछि दलका कार्यालय रङ्गरोगन गरिँदै

**काठमाडौं/मस-** संघीय संसद् सचिवालयले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको नतिजा सार्वजनिक भएसँगै राजनीतिक दलका लागि कार्यालय व्यवस्थापन, रङ्गरोगन र सरसफाइ शुरु गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजाका आधारमा कार्यालय व्यवस्थापन गर्नुपर्ने दलको संख्या आकलन गरी संसद् सचिवालयले तयारी शुरु गरेको हो ।

कम्तीमा दुई सांसद रहेको दलले संसदीय दल खोल्न कानुनी प्रावधान रहेकाले उनीहरुको दल गठन भएपछि सञ्चालनका लागि कार्यालय र स्थान उपलब्ध गराउने गृहकार्य सचिवालयले शुरु गरेको प्रवक्ता डा. रोजनाथ पाण्डेले बताए । सचिवालयले विगतमा राजनीतिक दलले प्रयोग गरेको संसदीय दल कार्यालयको सरसफाइ, रङ्गरोगन, फूल बिरुवा रोपणजस्ता काम अहिले गरिरहेको छ । सचिवालयले त्यसका लागि नयाँ बानेश्वरस्थित संसद् भवन र सिंहदरबारमा दल विशेषको संख्याका आधारमा कोठा उपलब्ध गराउनेछ । दल र सांसदको सुविधासम्बन्धी ऐनमा १० सांसद भएमा त्यस्ता दलका पदाधिकारी अर्थात् संसदीय दलका नेता र सचेतकलाई कार्यालय तथा फर्निचर सुविधा उपलब्ध गराउनुपर्ने भएकाले सचिवालय त्यो कामको तयारीमा अघि बढेको प्रवक्ता डा. पाण्डेले जानकारी दिए ।

नवनिर्वाचित सदस्यको पद तथा गोपनीयताको शपथ सकिएलगत्तै संसद्को प्रतीक चिह्न (लोगो) संविधान, ऐन, संसदीय नियमावली र समितिका कार्यविधि, डायरी, कलम, परिचय पुस्तिकालगायत आवश्यक काजगात उपलब्ध गराउने प्रचलन छ । नयाँ प्रवेशीलाई संसदीय अभ्यासबारे आधारभूत जानकारी दिलाउन सचिवालयले संसदीय विधि र प्रक्रियाबारे केन्द्रित रही अभिमुखीकरण प्रदान गर्ने गर्छ ।

संसदीय प्रक्रिया र कार्यान्वयनमा लैजाने विषयवस्तुबारे केन्द्रित रही सचिवालयको भूमिका, संसदीय समितिको भूमिका र सभा सञ्चालनका विषयमा ज्ञान दिइनेछ । ज्येष्ठ सदस्यको अध्यक्षतामा सङ्घीय संसद्को अबको पहिलो बैठकले सभामुखको निर्वाचनसम्बन्धी प्रक्रिया अघि बढाउन अनुमति दिनेछ । त्यसपछिका बैठकमा मात्र अरू बिजनेस अघि बढ्नेछ ।

संघीय संसद्को सिंहदरबार स्थित नयाँ भवन निर्माण कार्य पूरा नभएकाले यो अधिवेशन बानेश्वरमा हुँदै आएको पुरानै भवनमा हुनेछ । त्यसअघि हुने नवप्रवेशी सांसदको शपथ ग्रहण पनि सोही भवनको ल्होत्से कक्षमा हुनेछ ।

# मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष भट्टराईको निधन

**एसपी गौरव/मध्यान्ह**
सर्लाही, १७ मंसिर

मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराई मृत फेला परेका छन् । सर्लाहीको लालबन्दी नगरपालिका-१३ पत्थरकोटस्थित होलिडे रिसोर्टमा उनी शनिबार मृत फेला परेका हुन् । भट्टराई शुक्रबार बेलुका उक्त रिसोर्टमा पुगेका थिए ।

६७ वर्षीय भट्टराई नेपाल पत्रकार महाससंघ सर्लाही शाखाको ११औं वार्षिक साधारण सभामा सहभागी बन्न सर्लाही आएका शाखाका सचिव सुनिल ठाकुले जानकारी दिए । साधारण सभा शनिबार उक्त रिसोर्टमा गर्ने कार्यक्रम तय भएको थियो ।

सप्तरी घर भएका भट्टराई मधेश प्रदेश मिडिया काउन्सिलको अध्यक्ष भएपछि जनकपुर बस्दै आएका थिए । शुक्रबार राति खाना खाएर सुतेका भट्टराई बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा ढोका नखोलेपछि झ्यालबाट हेर्दा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष टंकबहादुर क्षेत्रीले जानकारी दिए ।

रिसोर्टमा मृतक भट्टराईसहित अन्य सञ्चारकर्मीसमेत शुक्रबारदेखि सँगैबसेका र सुत्ने क्रममा भट्टराई छुट्टै कोठामा सुतेका उक्त रिसोर्टका सञ्चालक विमल नगरकोटीले बताए । भट्टराईको रिसोर्टकै कोठामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए । भट्टराई बसेको कोठामा उक्तचाप र मधुमेह रोगको औषधीसमेत फेला परेको उनले बताए । भट्टराईको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा लगिने इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक शान्तराम कार्कीले जानकारी दिए ।

## जबराको...

अवकाश पाउन लागेका हुन् । प्रतिनिधिसभाबाट महाअभियोग प्रस्ताव पारित हुने वा नहुने टुंगो नलाग्दै अनिवार्य अवकाश पाउनुलाई कतिपयले उचित मानेका छैनन् ।

महाअभियोग टुंगो नलाग्दै अनिवार्य अवकाश पाउँदैमा अभियोगबाट मुक्त भएको भन्न नमिल्ने बताउँछन् अधिवक्ता टिकाराम भट्टराई । उनी थप्छन्, 'महाअभियोग टुंगो नलाग्दै चोलेन्द्र शम्शेर अवकाश पाएर घर जाँदा निवृतिभरण र सेवा सुविधा तथा गार्ड पाउनुहोला । यो पाउँदैमा लागेको कलंक मेटिँदैन् ।' प्रधानन्यायाधीका विरुद्धमा अभियोग लाग्नु आफैँमा गम्भीर विषय भएको र यो भन्दा गम्भीर विषय महाअभियाग टुंगो नलाग्दै अवकाश पाउनु रहेको उनलाई लाग्छ ।

न्यायिक विचलन र भ्रष्टाचारको आरोप लगाउँदै जबराविरुद्ध २०७८ फागुन १ गते संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता भएको थियो । नेपाली कांग्रेस र माओवादीका ९८ जना सांसदले महाभियोग दर्ता गरेका थिए । तर, महाभियोग प्रस्ताव दर्ता भएको अघिल्लो प्रतिनिधिसभाले बेलैमा टुंग्याउन चाहेन ।

प्रतिनिधिसभाले प्रस्तव दर्ता भएको ६ महिना ढिलो गरी महाभियोग सिफारिस समिति गठन गरेको थियो । महाभियोग सिफारिस समितिले भदौ १५, १६, १९, २६ र २८ गते जबरासँग बयान लिएको थियो ।

समितिका बहुमत सदस्यले जबराविरुद्ध महाभियोग सिफारिस गरेका थिए । समितिमा रहेका सत्तारूढ गठबन्धनका ६ सदस्यले महाभियोग सिफारिस गरेका थिए। एमाले र लोसपाले भने फरक मत राखेका थिए । ११ जनामध्ये सभापति रामबहादुर विष्ट, मीन विश्वकर्मा, रेखा शर्मा, यशोदा सुवेदी गुरुङ, कल्याणी खड्का र प्रमोद साहसहित बहुमतले महाभियोग प्रस्ताव सिफारिस गर्नुपर्ने सुझाएका थिए। एमाले सांसदहरू विष्णुप्रसाद पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाम्फे, कृष्णभक्त पोखरेल र लोसपाका एकवाल मियाँले भने प्रक्रियामा असहमति जनाउँदै आठबुँदे फरक मत दिएका थिए ।

त्यसबेला समितिले समय अभाव भएको तर्क गर्दै महाभियोग टुंगो नलागेसम्म निलम्बन रहिरहने गरी सिफारिस गरेका थियो । साथसाथै नयाँ प्रतिनिधिसभालाई टुंगो लगाउन सुझाव दिएको छ । तर, नयाँ प्रतिनिधिसभाले महाअभियोग अघि बढाउन नभ्याउँदै ६५ वर्ष पुगी जबरा स्वतः अवकाशमा जाँदैछन् ।

२०१४ मंसिर २८ गते जन्मेका जबराले झन्डै २६ वर्ष न्यायालयमा बिताएका छन् । अहिले जबरा प्रधानन्यायाधीश निवास बालुवाटारमै छन् । अवकाशसँगै सरकारी निवास छोडेर निजी निवास जानेछन् । महाभियोग पारित नभएमा उनले निवृत्तपछि सेवासुविधा भने पाउनेछन् ।

अनिवार्य अवकाश पाए पनि अभियोग टुंगो लाग्नुपर्ने नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे । उनी भन्छन्, 'महाअभियोगको विषयमा नयाँ प्रतिनिधिसभासँग नेपाल बार एशोसिएसनले पनि कुरा गर्छ । यो विषय टुंगो लाग्नुपर्छ । किनभने यो विषय त्यसै छोडिनुहुन्न ।'

सर्वोच्च अदालत बार एसोसिएसन अध्यक्ष पूर्णमान शाक्य जबराविरुद्धको महाअभियोग टुंगो लाग्ने र नलाग्ने विषय भविष्यसँग समेत जोडिएको बताउँछन् । यो विषयले प्रधानन्यायाधीशले तलमाथि गरेको अवस्थामा आउने परिणाम कस्तो हुनेछ भन्ने नयाँ नजिर स्थापित गरेको/गर्ने उनलाई लाग्छ । न्यायाधीशको नियुक्तिदेखि न्याय प्रशासनसम्बन्धी विषयमा तलमाथि गर्दा देखिने परिणामको सम्बन्धमा नजिर स्थापित हुने भएकाले पनि महाअभियोग उपर निर्णय हुनुपर्ने उनलाई लाग्छ ।

## सरकार...

गिरीशचन्द्र लालको नेतृत्वमा छानबिन समिति समेत बनाएको थियो । लाल आयोगको प्रतिवेदन पनि हालसम्म सार्वजनिक भएको छैन ।

## काउन्सिलर...

ओली र टिकामणि नेउपाने काउन्सिलर श्रममा सिफारिस भएका छन् । सो पदका आकांक्षी मन्त्रालयका उपसतिव डा. थानेश्वर भुसाल प्रतीक्षा सूची अर्थात वैकल्पिकमा परेका छन् । सिफारिस भएकाहरुको पोष्टिङ भने गरिएको छैन ।

त्यसैगरी श्रम सहचारी पदमा विभागमा कार्यरत शाखा अधिकृत ताम्राराज काफ्ले, मन्त्रालयमा कार्यरत शाखा अधिकृतहरु दिलिप खड्का, गोविन्द प्रसाद आचार्य र वैदेशिक रोजगार कार्यालय ताहाचलमा कार्यरत आविद अन्सारी छनोट भएका छन् । मन्त्रालयमा कार्यरत शिला थपलिया (पाण्डे) सो समूहमा वैकल्पिक सूचीमा रहेकी छन् । उनीहरूलाई पनि पोष्टिङ गरिएको छैन ।

काउन्सिलर श्रम र श्रम सहचारीमा आवेदन गर्न अंग्रेजी भाषाको टोफेल र आईईएलटीएसमा न्यूनतम ५ अंक र पीटीई परीक्षामा ३५ अंक ल्याउनुपर्ने मापदण्ड व्यवस्था गरिएको छ ।

यसअघि अंक नतोकिएको अंग्रेजी भाषा सिकेको प्रमाणपत्र ल्याई सचिव वा शक्तिकेन्द्र रिझाउने कर्मचारी काउन्सिलर श्रम र श्रम सहचारी बन्ने प्रवृत्ति थियो । छनोट नहुने कतिपय आकांक्षीले पक्षपात र लेनदेन भएको भन्दै अख्तियार तथा राष्ट्रिय सतर्कता केन्द्रमा उजुरीसमेत दिने गरेका थिए ।

अंग्रेजी भाषा कमजोर भएकै कारण कतिपय श्रम सहचारी र काउन्सिलर श्रमले सामान्य पत्राचार र श्रम गन्तव्य मुलुकमा कामदारलाई परेको समस्या समाधानका लागि त्यहाँका सरकारी निकायसँग प्रष्टरुपमा आफ्नो तर्फबाट भनाइ राख्न नसक्ने अवस्था रहेको थियो।

हाल योग्यताका दृष्टिकोणले सक्षम भएपनि कतिपय श्रम सहचारी वैदेशिक रोजगारीमा रहेका कामदारहरुले दूतावासमा गुनासो लिएर आउँदा नसुन्ने र रोजगारदाता वा रोजगारदाताका तर्फबाट नेपालका म्यानपावर कम्पनीले ल्याएका मागपत्र प्रमाणीकरण गर्न अनुचित मोलमोलाई गर्ने गुनासो भने नहटेको वैदेशिक रोजगार व्यवसायीहरुको गुनासो छ ।

हाल कतार, साउदी अरब, यूएई, मलेसिया, दक्षिण कोरियामा काउन्सिलर श्रम र श्रम सहचारी दुबै दरवन्दी छ भने कुवेत र ओमानका लागि श्रम सहचारीको मात्रै दरवन्दी रहेको छ । त्यसमध्ये कतारमा काउन्सिलर श्रम तथा यूएईमा श्रम सहचारीको पद रिक्त रहेको छ । अन्य देशमा खटिएका काउन्सिलर श्रम तथा श्रम सहचारीहरुको पदावधि सकिन लागेको छ ।

## कतारमा...

मनोरञ्जन, सुरक्षा तथा खेल हेर्नबाट वञ्चित नगर्न कुनै कसर बाँकी राखेका छैनन् । हय्या कार्ड नहुने श्रमिकका लागि पनि 'फ्यान जोन' निर्माण गर्नु आयोजकको तारिफ योग्य कार्य हो ।

इस्लामिक देश भएर पनि विश्व सामु आफूलाई परिमार्जित रुपमा देखाउँदै कतारले मादक पदार्थको व्यवस्था समेत गरेको छ । निश्चित दायरामा रहेर आफूले चाहेको मादक पदार्थ सेवन गर्न सकिन्छ ।

पहिलो पटक खाडीमा आयोजना गरिएको यस प्रतियोगितालाई केही पश्चिमा राष्ट्रका मिडियाले नकारात्मक रुपमा प्रचार गरे पनि कतारले हरेक कोणबाट ऐतिहासिक विश्वकप बनाउन कुनै सम्झौता गरेको छैन । सुरक्षाको विषयमा अति चासो दिएको कतारले आफ्ना नागरिक, पाहुना तथा आप्रवासी कामदारको सुरक्षाका लागि हजारौं स्वयंसेवक र सुरक्षाकर्मी भर्ती तथा परिचालन गरेको छ । विश्वकपलाई सफल बनाउन थुप्रै नेपाली युवतीहरु पनि भोलेण्टियरका रुपमा खटिएका छन् ।

उनीहरुलाई स्थलगत रुपमा फेला पारेपछि मध्यान्ह दैनिकले आधा दर्जन नेपाली युवतीलाई तपाईले स्वयंसेवकको रुपमा फिफाको भोलेण्टियर भएर सेवा गर्न पाउँदा कस्तो महसुस गर्नु भएको छ ? कुन क्षेत्रमा कसरी कार्यसम्पादन गरिरहनु भएको छ भनेर प्रश्न गरेका थियो । आउनुहोस् हेरौं तिनै सहासी युवतीहरुको जवाफ उनीहरुकै शब्दमा :

**सन्ध्या अर्याल (नवलपरासी)**

कतारमा चालू २२ औं विश्वकपमा मैले पनि स्वयंसेवकको रुपमा काम गर्ने सौभाग्य पाउँदा गौरवान्वित महसुस गरेकी छु । विभिन्न देशबाट ४ लाख २० हजार जनाको आवेदन परेकोमा २० हजार जनाको लिस्टमा मेरो नाम पर्नुलाई निकै ठुलो भाग्यको रुपमा लिएकी छु । कर्मभूमि प्रतिको हाम्रो प्रेम र दायित्व देखाउने हामी सबै नेपालीहरुको लागि यो सुनौलो अवसर पनि हो । कतारबाट हामीले धेरै कुराहरु पाएका छौं । धेरै भन्दा धेरै रेमिट्यान्स भित्र्याउने राष्ट्रको रुपमा चिनिएको कतारले लगभग चार लाख नेपालीहरुलाई उनीहरुको योग्यता र दक्षता अनुसारको रोजगार प्रदान गरेको छ । जसले करोडौं नेपालीहरुको घरमा चुल्हो बल्नुको साथै बालबच्चाका भविष्य पनि उज्ज्वल बनाएको छ । त्यसैले विश्वकप जस्तो खेलको महाकुम्भको अवसरमा मैले पनि 'स्पेक्टेटर सर्भिस भोलेण्टियर'को रुपमा काम गरिरहेकी छु । स्टेडियम प्रवेशका लागि अनिवार्यरुपमा चाहिने हय्या कार्ड र टिकटको चेक जाँच, आगन्तुकहरुले जान्न खोजेका स्टेडियम र खेलसम्बन्धी आवश्यक जानकारी दिने, प्रतिबन्धित सामग्रीहरुको जानकारी दिने, आवश्यक पर्नेहरुका लागि ह्विलचियर प्रदान गर्ने र आवश्यक परेमा उनीहरुको सिटसम्म छोडेर आउने, दर्शकहरुलाई उनीहरुको प्रवेश गर्ने गेट र सिटबारे जानकारी दिनेलगायतका अन्य थुप्रै कुराहरुमा सहयोग गर्दै आइरहेकी छु । सेवा गर्ने अवसर प्रदान गरेकोमा कतार सरकार र फिफा प्रति कृतज्ञ ज्ञापन गर्न चहान्छु ।

**माया केसी (स्याङ्जा)**

मध्यपूर्वको इतिहासमा पहिलो पटक र एसियाको इतिहासमा दोस्रो पटक आयोजित पुरुष विश्वकप फुटबल खेल प्रतियोगिता अहिले कतारमा भइरहेको छ । विश्वकप हेर्नकै लागि महँगो टिकट काटेर टाढा टाढाको देशमा पुग्छन् फ्यानहरु, जसरी अहिले विभिन्न देशबाट कतार आएका छन् । यस अर्थमा हामी भाग्यमानी हौं कि यो पटक आफ्नै आँखा अगाडि विश्वकप चलिरहेको छ । त्यो भन्दा पनि विशेष चाहिँ विश्वकप जस्तो प्रतिष्ठित खेलमा स्वयंसेवकको भूमिकामा समेत सहभागी हुन पाएका छौं । विश्वका २०९ देशबाट चार लाख २० हजारले आवेदन दिएकोमा ५८ हजार जनाको अन्तर्वार्ता पछि २० हजार जनाको टिममा चुनिनु मेरो लागि सामान्य कुरा होइन । मेरो भूमिका चाहिँ फ्यान जोनमा छ । कर्निसको ए, बि, सी र डी सेक्सन एरिया मध्य डी सेक्सन एरियामा मेरो कार्यक्षेत्र परेको छ । सेक्सन डी एरियामा कलाकारहरुले प्रस्तुति दिनको लागि स्टेज बनाइएको छ । कलाकारले प्रस्तुति दिने समयमा कलाकार र स्टेज एरियालाई सुरक्षा दिनु मेरो जिम्मेवारी हो । कतारमा कार्यरत नेपाली समुदायबाट लगभग चार सयको हाराहारीमा हामीले यो पटकको विश्वकपमा स्वयंसेवकको रुपमा काम गरिरहेका छौं ।

**सृजना श्रेष्ठ (गोरखा)**

विगत लामो समयदेखि नेपालका साथ साथै कतारमा स्वास्थ्य सेवामा आवद्ध भई काम गर्दै आइरहेको छु । नेपालमा हुँदा पनि प्रायजसो सबै खाले स्वास्थ्य शिविरमा सहभागी हुने गरेकी थिएँ । कतारमा हुने फिफा विश्वकपमा मैले पनि भोलेण्टियरको आवेदन दिएपछि विभिन्न चरण पार गर्दै अग्र स्थानमा कार्य सम्हाल्ने जिम्मेवारी पाएँ । जिम्मेवारीले थप काम गर्ने हौसला मिल्यो र आफूलाई अझै धेरै भाग्यमानी ठानें । करिब १ वर्ष अगाडि भएको अरब कपमा सहभागी हुँदा थोरै नेपाली महिला भेटेकी थिएँ, तर अहिले लगभग चार सयको हाराहारीमा नेपाली भोलेण्टियर रहेका छौं । तर नेपाली युवती भने कम नै छौं । यति ठुलो प्रतियोगितामा स्वयंसेवकका रुपमा काम गर्न पाउनु ठुलो अहोभाग्य हो । भोलेण्टियरको रुपमा काम गरेपछि नेपाली राजदूतावास गएर महामहिम राजदूतलाई समेत भेटेर नेपाली भोलेण्टियरहरुको बारेमा जानकारी दिने अवसर पनि मिल्यो ।

**कविता खत्री (रामेछाप)**

२२ औं संस्करणको फिफा विश्वकप कतारमा चलिरहँदा मैले पनि स्वयंसेवकको रुपमा सहयोग गरिरहेको छु । यो हामीहरुका लागि सुवर्ण अवसर पनि हो र गर्व महसुस गरिरहेको छु । मैले हय्या कार्ड वितरण केन्द्रमा स्वयंसेवकका रुपमा कार्य गरिरहेकी छु । रंगशाला प्रवेशका लागि हय्या कार्ड अनिवार्य चाहिने हुनाले त्यहाँ विभिन्न देशका नागरिकहरु कार्ड लिनको लागि आउँछन् र हामीले उहाँहरुलाई सहजीकरणका लागि आवश्यक एप्लिकेसन चेक गर्ने र काउन्टरसम्म जानका लागि लाइन व्यवस्थापन गर्ने, टोकन वितरण गर्ने र कार्ड लिइसकेको व्यक्तिबाट सेवाको प्रतिक्रिया लिने काम गर्छौं । स्वयंसेवकको काम नै सेवा गर्ने भएको भएर ६ घण्टा त्यहाँ बसेर सेवा गर्न पाउँदा र नेपाली नागरिक हुँ भनेर चिनाउँदाको खुसी बेग्लै लाग्छ ।

**संगीता जिसी खत्री क्षेत्री (ललितपुर)**

कतारमा जारी फिफा विश्वकपमा स्वयंसेवकको रुपमा यातायात क्षेत्रमा सेवा गरिरहेकी छु । त्यति धेरै कार्य यो क्षेत्रमा नहुने हुँदा सेवाका लागि मैले अन्य विभिन्न क्षेत्रमा विशेष रुपमा आयोजना हुने कार्यक्रममा आफ्नो स्थानबाट सहयोग गरिरहेकी छु । खासगरी खेलको ओपनिङ समयमा झण्डा फहराउने जिम्मेवारीमा रहेर कार्य गरें । हामी करिब ४०० जना नेपाली स्वयंसेवकका रुपमा सक्रिय भएर सेवा गरिरहेका छौं ।


**वराहपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाघखोरभन्ज्याङ, खोटाङ**
**प्रदेश नं. १, नेपाल**

**विभिन्न पदका कर्मचारीहरु सेवा करारमा लिने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०८।१८**

यस वराहपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा तपशिल बमोजिमका रिक्त पदहरुमा उल्लेखित संख्याका कर्मचारीहरु विज्ञापन मार्फत सेवा करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | विज्ञापन नं | पद | तह | सेवा/समूह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०७९-०८० | ईन्जिनियर (सिभिल) | अधिकृतस्तर छैठौं | ईन्जिनियरिङ/सिभिल | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उर्तिण गरेको । |
| २ | ०४/२०७९-०८० | कृषि स्नातक | अधिकृतस्तर छैठौं | कृषि सेवा | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उर्तिण भएको वा पशु चिकित्सा विषयमा B.Vsc. & A.H/ B.V.Sc. वा सो सरहको स्नातक तह उर्तिण नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक उर्तिण गरेको । |
| ३ | ०५/२०७९-०८० | अ.सब ईन्जिनियर (सिभिल) | सहायकस्तर चौथो | ईन्जिनियरिङ/सिभिल | २ (दुई) | सम्बन्धित विषयमा प्रमाण पत्र तह उत्तिर्ण गरेको वा सम्बन्धित विषयमा TSLC उत्तिर्ण गरेको । |
| ४ | ०६/२०७९-०८० | अ न मि | सहायकस्तर चौथो | स्वास्थ्य/क.न. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तिर्ण भै नेपाल नर्सिङ परिषदमा दर्ता भएको वा सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण भएको । |

**शैक्षिक योग्यता, अनुभव र आवश्यक कागजातहरु :**

१. **उमेरः** १८ वर्ष पुरा भई ३५ (स्वास्थ्य सेवाको हकमा ४०) वर्ष ननाघेको हुनुपर्नेछ । अधिकृतस्तर छैठौंको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

२. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   क) नागरिकता — ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग) चारित्रिक प्रमाण पत्र — घ) तालिमको प्रमाणपत्र
   ङ) अनुभव भए सोको कागजात — च) १ प्रति पासपोर्ट साईज फोटो

३. **दरखास्त दस्तुर :** अधिकृतस्तर छैठौ तहको हकमा रु.१०००।०० (एक हजार रुपैयाँ मात्र) र सहायकस्तर चौथो तहको हकमा रु.५००।०० (पाँच सय रुपैयाँ मात्र) परिक्षा शुल्क सनराइज बैंक लिमिटेडमा रहेको यस गाउँपालिकाको खाता, वराहपोखरी गाउँपालिका ग १.१ आन्तरिक राजश्व खाता, खाता नं.०९४०६२०७०६७०३००६ मा जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।

४. **कार्य विवरण :** सम्बन्धित पद नामले गर्नुपर्ने सम्पूर्ण कार्यहरु र अन्य कार्यालयले तोके बमोजिम हुनेछ ।

५. **पारिश्रमिक सेवा शर्त :** नियमानुसार ।

६. **छनौटको किसिम :** लिखित र अन्तर्वार्ता ।

७. **परीक्षा फाराम बुझाउने स्थान :** वराहपोखरी गाउँपालिकाको कार्यालय बाघखोरभन्ज्याङ खोटाङ, प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

८. **पाठ्यक्रम :** लोकसेवा आयोगले सम्बन्धित विषयमा निर्धारण गरे बमोजिम हुनेछ ।

९. **फारम बुझाउने अन्तिम मिति :** २०७९।०९।०३, कार्यालय समयभित्र । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ ।

१०. **परीक्षा फाराम बुझाउने स्थान :** वराहपोखरी गाउपालिकाको कार्यालय बाघखोरभन्ज्याङ खोटाङ, प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

११. **लिखित परीक्षा मिति :** पछि सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

**नोटः**-आवेदनको ढाँचा लगायत अन्य जानकारी यस कार्यालयको वेवसाईट www.barahapokharimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**नइन्द्र प्रसाद दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**

# भत्किएको मुहान मर्मत नहुँदा चार सय हेक्टर जमिन बाँझै



**झापा/मस**-एक वर्षअघि मेचीनगर नगरपालिका-१४ मा रहेको हडियाँ रेगुलेटर सिँचाइ आयोजनाको भत्किएको मुहान ममर्त गर्न नसक्दा चार सय हेक्टर जमिन बाँझो रहेको छ ।

गत वर्षको कात्तिकमा आएको बेमौसमी बाढीले सो आयोजनाको मुहान भत्काएको थियो । चार वर्षअघि एसियाली विकास बैंकको रु पाँच करोड २२ लाखको लागतमा हडियाँ खोलाबाट बनेको सिँचाइ आयोजनाको मुहान नै भत्किएपछि बनाउन नसक्दा पाँच सय किसानको चार सय हेक्टर जमिन बाँझो बन्न पुगेको हो ।


वडा नं १४ का निवर्तमान अध्यक्ष शंकर पोखरेलका अनुसार नगरपालिका र डिभिजन सिँचाइ कार्यालय भद्रपुरले तत्काल परियोजना मर्मतका लागि पटकपटक प्रदेश सरकारसँग बजेट माग गरेका थिए । प्रदेश सरकारले बजेट व्यवस्थापन गर्न नसक्दा परियोजनाको मर्मत अझै हुन नसकेको उनको भनाइ छ ।

उनले सो परियोजनाको मुहान मर्मतका लागि करिब रु एक करोड लाग्ने बताए । उनले भने, 'परियोजना सञ्चालनमा आएपछि पाँच सय घरपरिवारको जमिन सिञ्चित भएको थियो । अहिले अधिकांश जमिन बाँझै छ, कतिपयले आकासे पानीको भरमा लगाएको धान खेतीसमेत फस्टाएन ।'

उनले तत्काल परियोजना मर्मतका लागि स्थानीय र प्रदेश सरकार गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे ।

## रौतहट डायरी
सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

# राजदेवीमा नि:शुल्क लोक सेवा तयारी कक्षा



राजदेवी नगरपालिकाले नि:शुल्क लोक सेवा तयारी कक्षा सञ्चालन गर्ने भएको छ । रामनरेश लक्ष्मण माध्यमिक विद्यालयमा शनिबार भएको अभिमुखीकरण कार्यक्रममा राजदेवी नगरपालिकाका नगर उपप्रमुख राजकुमारी देवीले नि:शुल्क कक्षामा पालिकाभरीका १ सय २ जना प्रशिक्षार्थीको सहभागीता रहने जानकारी दिइन् । ५० दिनसम्म चल्ने कक्षामा दक्ष प्रशिक्षकले प्रशिक्षण गर्ने नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले जानकारी दिए । लोकसेवा तयारी कक्षाका लागि नगरपालिकाले सहभागी सबैलाई नि:शुल्क खरिदारको पुस्तकसमेत वितरण गरहेको छ ।

शनिबार भएको अभिमुखीकरण कार्यक्रममा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालको विशेष उपस्थिति रहेको थियो । त्यस्तै, कार्यक्रममा इशनाथ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत उपसचिव भुदेव झा, जिल्ला हुलाक कार्यालय गौरका प्रमुख देवनाथ यादव, दुर्गाभगवति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश यादव, रामनरेश लक्ष्मण माध्यमिक विद्यालय हजमिनियाका प्रधानाध्यापक संजय कुमार यादव, जेभियर इन्स्टिच्युट गौरको लालबाबु चौधरी लगायतको उपस्थिति रहेको थियो । नगरपालिकाले सञ्चालन गरेको कक्षाबाट जनशक्ति उत्पादनमा सहयोग पुग्नुको साथै रोजगारीका लागि ठूलो मद्दत पुग्ने स्थानीयको विश्वास छ ।

# ४० लाखको गाँजासहित ट्रक चालक पक्राउ

रौतहटको गौरमा ४० लाख मुल्य बराबरको लागुऔषध गाँजासहित एक जना पक्राउ परेका छन् । ट्रक चालकलाई प्रहरीले रौतहटको गौर नगरपालिका वडा नम्बर ३ स्थित फलक पोल्ट्री फार्मबाट पक्राउ गरेको हो । ट्रक चालकको परिचय प्रहरीले गाप्य राखेको छ ।

शेख अफरोज आलमले संचालन गर्दै आएको फार्म विगत केही महिनादेखि शेख जमसैद आलम(राजु)ले लिजमा लिएका छन् । उक्त फार्मबाट जमिनमुनी लुकाई राखेको ७ बोरा गाँजा बरामद गरेको प्रहरीले जनाएको छ ।

# गुणस्तरहीन स्लोप लाईनिङ गर्न थालेपछि स्थानीयद्वारा काममा रोक




रौतहटको दुई नगरपालिकाको बिचमा रहेको नहरमा भइरहेको स्लोप लाईनिङको काम गुणस्तरहिन रहेको भन्दै स्थानीयहरु आक्रोशित भएका छन् । कटहरिया र गुजरा नगरपालिकाबीच भसेढवास्थित साईफन क्षेत्रमा ठेकेदारको बदमासीविरूद्ध स्थानीयहरू खनिएका हुन् ।

कटहरिया वडा नम्बर १ का वडा अध्यक्ष भुपेन महतो कोईरी, वडा नम्बर २ का वडा अध्यक्ष हरेन्द्र साह र गुजरा नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष झमक प्रसाद चौलागाईं आफैं पुगेर अनुगमन समेत गरेका छन् ।

अनुगमनको क्रममा गुणस्तरहिन काम भइरहेको पाएपछि काम रोकिएको छ । ठेकेदारले स्टिमेट अनुसार काम नगरेको पाइएको स्थानीयले बताएका छन् । काम गर्ने क्रममा कमसल सामग्री प्रयोग भएको पाइएको र बालुवा,गिट्टी गुणस्तरहिन प्रयोग भएको स्थानीयहरुले बताए ।

निर्माणमा गुणस्तरहिन काम भएको दावी गर्दै निर्माण कार्य रोकिएको र ठेकेदारले मापदण्ड अनुसार काम गरे मात्र काम सुचारु गर्न दिने वडा अध्यक्ष महतोले चेतावनी दिएका छन् । यस विषयमा ठेकेदार जोगिन्द्र साहसँग बुझ्दा जनप्रतिनिधि र स्थानीयहरूसँग बसेर छलफल गरी काम अघि बढाउने बताए ।

# हरपुर आय आर्जन सहकारीको २५औं वार्षिक साधारणसभा सम्पन्न



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १७ मंसिर

हरपुर आय आर्जन बचत तथा ऋण सहकारी संस्थाको २५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। पश्चिम नवलपरमसीको पाल्हीनन्दन गाउँपालिका वडा नम्बर २ मा भएको साभारणसभामा स्थानीय जनप्रतिनिधिहरुको पनि उपस्थितिमा रहेको थियो ।

कार्यक्रममा सहकारीका सञ्चालक समितिका अध्यक्ष दिनानाथ तिवारी, उपाध्यक्ष कुन्ती देवी केवट, कोषाध्यक्ष सिताराम खटिक, सचिव ध्रुवनारायण केवट, सदस्य संतोस नाथ हजाम, लक्ष्मीना हरिजन, आशा चौधरी, मनोज गुप्ता, सोमई अहिर, लेखा संयोजक ध्रुवनाराण बानियाँ, सदस्य तारा कहार, विक्रम क्षेत्रीलगायतको उपस्थिति रहेको थियो ।

साधारणसभामा ध्रुवनारायण केवटले २०७९ असारसम्मको संक्षिप्त आर्थिक विवरण प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार सहकारीमा हाल १ हजार ८ सय ७४ जना शेयर सदस्य रहेका छन् । यस्तै सहकारीले १८ करोड १६ लाख ९७हजार ८ सय ३० रुपैयाँको करोबार गरेको छ । साधारणसभा कार्यक्रमको सञ्चालन राम प्रसाद भुसालले गरेका थिए ।

# मनाङमा शून्य लैंगिक हिंसा

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १७ मंसिर

हिमाली जिल्ला मनाङमा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा लैंगिक हिंसाको उजुरी परेको छैन । प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यका अनुसार साउनदेखि हालसम्म कुनै पनि लैंगिक हिंसाका मुद्दा परेका छैनन् । गत आर्थिक वर्षमा भने जिल्लामा तीन मुद्दा दर्ता भएका थिए । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत जिल्ला प्रशासन कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रजिअ आचार्यले लैङ्गिक हिंसाका उजुरी कम पर्ने जिल्लाको रूपमा मनाङ पर्ने जानकारी दिए ।

उनले भने, 'यहाँ महिलाप्रधान समाज छ। गाउँमा घटेका कतिपय घटना गाउँघरमै मिलाउनुपर्छ भन्ने मान्यता छ ।'

प्रहरी नायव उपरीक्षक प्रेम सागर केसी गाउँमै मिलापत्र गर्ने र नसक्ने अवस्थामा मात्रै प्रहरीलाई गुहार्ने गरिएको बताउँछन् ।

'प्रहरीसम्म उजुरी एकदमै न्यून आउने गरेको छ', उनले भने। कतिपय घटना समाजमै लुकेर रहने उनको भनाइ छ । समय समयमा यस्ता घटना उजागर गर्न, पीडितलाई न्याय, पीडकलाई कानुनी दायरामा ल्याउन प्रहरीले सचेतनाको कार्यक्रम गर्दै आएको छ ।

कार्यक्रमका सहभागीले जिल्लामा हिंसाका घटना सार्वजनिक हुन नसकेको अवस्था रहेकाले चेतना अविवृद्धिको खाँचो रहेको औंल्याएका थिए ।

# स्याङ्जा–२ मा कांग्रेसका गुरुङ निर्वाचित


**काठमाडौं/मस–** स्याङ्जा-२ को प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य पदमा नेपाली कांगेसका उम्मेदवारहरु विजयी भएका छन् । प्रतिनिधिसभातर्फ कांग्रेसका उम्मेदवार केन्द्रीय उपसभापति धनराज गुरुङ पाँच हजार छ सय २७ मतान्तरसहित विजयी भएका निर्वाचन अधिकृत रामचन्द्र शर्माले जानकारी दिए । उनले ३१ हजार चार सय ६६ मत प्राप्त गरेका छन् । उनकी प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार



पद्माकुमारी अर्यालले २५ हजार आठ सय ३९ मत प्राप्त गरेकी थिइन् । यसअघि विसं २०७४ को प्रतिनिधिसभा निर्वाचनमा अर्याल यसै क्षेत्रबाट निर्वाचित बनेकी थिइन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङले आठ हजार एक सय १३ मत प्राप्त गरेका छन् । स्याङ्जा-२ (ख) मा नेपाली कांग्रेसका उम्मेदवार महेश भट्टराई विजयी भएका छन् । भट्टराईले १८ हजार सात सय ८८ मत प्राप्त गर्दा एमाले उम्मेदवार बुद्धिमान श्रेष्ठले १७ हजार दुई मत प्राप्त गरेका छन् । उनले एक हजार सात सय ८६ मतान्तर विजयी भएका हुन् ।

# पत्रकार लम्सालको उपचारमा इञ्जाद्वारा सहयोग



**काठमाडौं/मस**–लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी रोगको उपचारमा रहेका वरिष्ठ पत्रकार हरि लम्साललाई नेपाली पत्रकारको अन्तर्राष्ट्रिय सञ्जाल(इन्जा)ले ५५ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ ।

मुलुकको पत्रकारिता विधामा पाँच दशकदेखि क्रियाशील पत्रकार लम्साललाई उपचारमा केही सहयोग पुऱ्याउन सकियोस् भन्ने हेतुले इन्जा ग्लोवलका सचिव दीपक रिजालसहितको टोलीले अस्पताल पुगेर उक्त रकम हस्तान्तरण गरेको हो । उनी केही दिनदेखि थापाथलीस्थित नर्भिक इन्टरनेशनल अस्पतालमा उपचारमा छन् ।

# तेह्रथुममा आठ पत्रकार पुरस्कृत

**तेह्रथुम/मस–** नेपाल पत्रकार महासंघ तेह्रथुमले १२औं साधारण सभाको अवसरमा जिल्लाका तीन महिला र पाँच पुरुषसहित आठ पत्रकारलाई पुरस्कृत गरेको छ । सञ्चार क्षेत्रमा पुऱ्याएको योगदानका कारण उनीहरुलाई सम्मान गरिएको हो । पुरस्कृत हुनेमा कान्तिपुर संवाददाता चन्द्र कार्की र जिल्ला शाखाका पूर्वअध्यक्ष एवं रेडियो तेह्रथुमका सहायक स्टेशन म्यानेजर नरेश ढुङ्गाना रहेका छन् । दुवैजनालाई क्रियाशील पत्रकारिता पुरस्कार, २०७९ बाट पुरस्कृत गरिएको हो । पुरस्कारको राशि जनही रु ११ हजार एक सय ११ रहेको छ । उक्त पुरस्कार हाल अस्ट्रेलियामा बस्दै आएका राधिका पोखरेल र डा. सञ्जिव सापकोटा दम्पत्तीले स्थापना गरेका हुन् ।

यस्तै महासंघले जिल्ला शाखाका पूर्वअध्यक्ष उद्धव तिम्सिना र रेडियो मेन्छ्यायेमका पत्रकार कृष्ण तामाङलाई तेह्रथुम पत्रकारिता विकास पुरस्कारबाट पुरस्कृत गरेको छ। पुरस्कारको राशि जनही रु पाँच हजार पाँच सय ५५ रहेको छ। उक्त पुरस्कार म्याङलुङका उमा कार्की र तेजबहादुर कार्की दम्पत्तिले स्थापना गरेका हुन् ।

यसैगरी तेह्रथुम महिला पत्रकारिता पुरस्कारबाट रेडियो मेन्छ्यायेमकी पत्रकार जानुका नेपाल र रेडियो तेह्रथुमकी पत्रकार अस्मिता सुवेदी पुरस्कृत हुनुभएको छ। पुरस्कारको राशि जनही रु एक हजार एक सय रहेको छ । उक्त पुरस्कार स्व. सोमनाथ निरौलाको परिवारले स्थापना गरेको हो । आर्थिक पत्रकारिता पुरस्कारबाट रेडियो तीनजुरेकी पत्रकार सरस्वती राई र रेडियो मेन्छ्यायेमका पत्रकार वीरेन्द्र पयाङगु सम्मानित भएका छन्। उक्त पुरस्कारको राशि जनही रु एक हजार एक सय ११ रहेको छ । सो पुरस्कार सहयोगी बचत तथा ऋण सहकारी संस्थाले स्थापना गरेको हो । संविधानसभा सदस्य सिता गुरुङ, तेह्रथुम प्रदेशसभा सदस्य किशोरचन्द्र दुलाल र नेपाल पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लिलावल्लभ घिमिरेले सम्मानित सबैलाई संयुक्त रुपमा सम्मानपत्र, दोसल्ला र नगद पुरस्कार प्रदान गरेका थिए ।


## गण्डक हस्पिटल प्रा. लि. आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/१८ गते**

मधेश प्रदेश, पर्सा जिल्ला वीरगंज महानगरपालिकामा गण्डक हस्पिटल प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **गण्डक हस्पिटल प्रा. लि.**, वीरगंज महानगरपालिका वडा नं. १४, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल, ईमेल: hospitalgandak@gmail.com, फोन नं. : ०५१-५९१०११, ९८५५०२६५८० |
| **प्रस्तावको व्यहोरा** | वीरगंज महानगरपालिका वडा नं. १४, स्थित गण्डक हस्पिटल प्रा. लि. ले १०० शैया क्षमताको अस्पताल निर्माण गरी उच्च गुणस्तरीय परिक्षण विधिहरु, आधुनिक प्रविधि र उपकरणहरु जडित निदानात्मक र उपचारात्मक उपचार गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | पर्सा जिल्ला/वीरगंज महानगरपालिका वडा नं. १४ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न वीरगंज महानगरपालिका वडा नं. १४ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि पत्राचार तथा सम्पर्क गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **गण्डक हस्पिटल प्रा. लि.**, वीरगंज महानगरपालिका वडा नं. १४, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल, ईमेल: hospitalgandak@gmail.com, फोन नं. : ०५१-५९१०११, ९८५५०२६५८० |
| **परामर्शदाताको नाम र ठेगाना** | **सिर कन्सल्टेन्सी प्रा. लि.**, मध्यपुर थिमी नगरपालिका वडा नं.-०३, कौशलटार, भक्तपुर सम्पर्क नं.-९८४१८३५४५९, Email:seerconsultancy@gmail.com |



## Bethanchowk Rural Municipality
## Office of the Rural Municipal Executive
**Dhunkharkha, Kavrepalanchowk**
**Bagmati Province, Nepal**

### Letter of Intent to award the contract

**Date of publication: 2079/08/18 (December 04, 2022)**

To: **Ghising/ Joshi G- JV,**
Panauti-7, Kavre

**Subject: Issuance of letter of intent to award the contract.**

This is to notify you that, it is our intention to award the contract for execution of the Construction of Patikharkha Chalal Ganeshthan Aalubari Pati Musekholsha Sadak Kalopatre, BRM/079/80/WORKS/04 to you as your bid price NRs 5,50,04,931.14[Five Crore fifty lakhs lakhs four thousand nine hundred thirty one rupees and fourteen paisa only in Nepalese Rupees] as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

**CC:**

| SN | Substantially Responsive Bidders Name | Bidder address | Remarks |
|---|---|---|---|
| 1 | S L Construction | Fulbari-10, Baneshwor | |
| 2 | JV Name: Shree Champeshwor / P.M. J.V. Lead: P.M Nirman Sewa Pvt.Ltd. Sub: Shree Champeswor Nirm | Lalitpur | |
| 3 | BIJAYA/U & S J.V. Lead: U & S CONSTRUCTION Sub: Bijay structure Pvt.Ltd | Majhi Feda, Kavre | |
| 4 | JV Name: Ganesh & Ganga - Ephphata J.V. Lead: Ganesh & Ganga Construction Pvt.Ltd Sub: Ephphata Construction Pvt Ltd | Pepsicola 32, Kathmandu | |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१८ मंसिर २०७९, आइतबार
04 December 2022, Sunday

## सम्पादकीय

# खराब न्यायिक इतिहास

**निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा आगामी मंसिर २७ गते उमेर हदका कारणले अनिवार्य अवकाशमा जाँदैछन् । दश महिनादेखि जबरा निलम्बित प्रधानन्यायाधीशको भूमिकामा छन् । जबरामाथि सत्तारूढ गठबन्धनका ९८ सांसदले महाअभियोग दर्ता गराएपछि जबरा गएको वर्ष फागुन १ गतेबाट निलम्बनमा परेका हुन् । न्यायिक गरिमा जोगाउन नसकेको आरोपमा जबरामाथि लागेको महाअभियोग टुंगोमा नपुग्दा झण्डै एक वर्ष सर्वोच्च अदालत कार्यबाहक न्यायाधीशको नेतृत्वमा चल्यो । संसदले पनि जबराविरूद्ध लगाइएको महाअभियोग टुंगो लगाउन सकेन । संसदीय प्रक्रियामा लगिएपनि निष्कर्षमा नपुग्दा सर्वोच्च अदालत कार्यबाहक प्रधानन्यायाधीशको नेतृत्वमा चल्नुपर्ने परिस्थिति बनेको हो । महाअभियोग टुंगोमा नपुग्नुमा संसदीय समीकरण मुख्य कारण थियो । महाअभियोग लगाउने दलहरूसँग दुई तिहाइ बहुमत थिएन ।**


**प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले महाअभियोगको पक्षमा उभिएन । एमाले अध्यक्ष केपी शर्मा ओली खुलेरै जबराको पक्षमा उभिएका थिए । ओलीको अडानका कारणले संसद दुई ध्रुबमा विभाजित भयो । तर सत्ता पक्षका सांसदहरूले भने जबराले राजनीति समेत गर्न थालेको भन्दै पारित नहुने महाअभियोग लगाए । गएको वर्षे अधिवेशन सकिने बेला महाअभियोग संसदीय प्रक्रियामा लगियो । त्यो संसदीय समितिमा पनि एमाले र सत्ता गठबन्धनका सांसदहरूले अलगअलग प्रतिवेदन तयार पारे । जसले गर्दा जबरा निलम्बित अवस्थामै रहे भने सर्वोच्च अदालत कार्यबाहक नेतृत्वमा चलिरह्यो । सर्वोच्च अदालतकै न्यायिक प्रक्रिया भने गएको एक वर्ष बढीदेखि प्रभावित हुँदै आएको छ । गएको वर्ष कात्तिकबाटै जबराविरूद्ध सर्वोच्चमा आन्दोलन शुरू भएको थियो ।**

**जबराले कार्यकारीसँग न्यायालयलाई बार्गेनिङमा राखेको भन्दै सर्वोच्चकै न्यायाधीशहरू आन्दोलनमा उत्रिएका थिए । अधिवक्ताहरूको छाता संस्था नेपाल बार एशोसियसनले जबराको राजीनामा माग्दै चरणबद्ध आन्दोलन गरे भने पूर्वप्रधानन्यायाधीशहरूले पनि राजीनामा गर्न सुझाव दिएका थिए । तर कार्यकारीसँग भागबण्डामा मन्त्री लिएको आरोप खेपेका जबराले राजीनामा दिएनन् । झण्डै चार महिनासम्म पनि जबराले राजीनामा नदिएपछि उनीविरूद्ध महाअभियोग दर्ता भएको थियो । तर महाअभियोग लगाउनेहरूले पनि निकास दिन सकेन । यसको असर न्यायिक सम्पादनमा त पर्‍यो नै, न्यायिक इतिहास समेतमा प्रदुषित बन्यो । प्रधानन्यायाधीशले कार्यकारीसँग भागबण्डामा न्यायको बार्गेनिङ गर्ने, अनि महाअभियोग लाग्दा समेत निलम्बित अवस्थामै झण्डै वर्षदिन बिताएको गलत इतिहास बन्न पुगेको छ । यस्तो नजीर आगामी दिनमा नदोहोरियोस्, न्यायिक क्षेत्रका निम्ति पाठको विषय बनोस् ।**

# चुनावी परिणाम र जनताको सन्देश

*अहिले केही उग्रपन्थी तथा विखण्डनको नारा दिने शक्तिहरू पनि संसदमा थपिन आइपुगेका छन् । जसले राजनीति थप सकसपूर्ण हुने देखिएको छ ।*

अग्रलेख



● रवीन्द्रनाथ पोखरेल


भ्रष्टाचार र भ्रष्टाचारी व्यक्तिहरु यति शक्तिशाली र बिषादयुक्त ऐजेंरू जात हो जसले संसारका असल या महान् नेता र शासकलाई पनि त्यो जातलाई परास्त गर्नका निमित्त फेरि अर्को क्रान्ति गर्न आन्दोलन गर्न र गराउनका लागि वैकल्पिक बाटो खोज्न बाध्य गराउँछ । देश रूपान्तरणको प्रारम्भिक चरणमा देखिने विकृति र विसंगतिपूर्ण गतिविधिले यथार्थ भविष्यवाणी गर्न लगाउँछ ।

यसका दुईवटा उदाहरण मात्रै अहिले संकेत गर्न खोजिएको छ कि जब चीनमा माओत्सेतुङको नेतृत्वमा पहिलोपटक चिनियाँ क्रान्ति सफल भयो तर, त्यो क्रान्ति सफल भएर पनि सोचे जस्तो र जुन लक्ष्यले गरिएको थियो, त्यो लक्ष्य अनुरूप चीनको समग्ररूपमा विकास हुन नसकेपछि माओलाई सन्तुष्टि मिल्न सकेन उल्टै उनमा वितृष्णा पैदा हुन थाल्यो । उनलाई लाग्यो कि व्यर्थमा क्रान्ति गरिएछ । तर, उनी साहसिक र क्षमतावान व्यक्ति भएको हुँदा त्यही वितृष्णाले उनले त्यसको विकल्प र त्यस क्रान्तिलाई पूर्ण सफल पारेरै देखाउने आँट गरे । त्यही चिनियाँ क्रान्तिले उब्जाएको अर्को क्रान्ति हो "चीनको सांस्कृतिक क्रान्ति ।" तर, यही कुरा नेपालमा जनयुद्ध मच्चाउने माओको चेलाहरु विशेषतः नेकपा (माओवादी) पार्टीका नेता तथा कमान्डरहरुलाई सायद थाहा नै नहोला ।

नेपालमा जब २००७ सालको क्रान्ति सफल भयो र त्यसपछिको २०१५ सालको आम निर्वाचनमा नेपाली कांग्रेस पार्टीले दुई तिहाइ बहुमत ल्याएर विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकारले देश र जनतालाई खासै उनले सोचे जस्तो काम गर्न सकेन । नेपाली कांग्रेसकै केही नेता या अन्य पार्टीका नेता तथा उच्च वर्गका कारण परिवर्तन आउन नसक्ने देखेपछि उनले भनेका छन् कि "जब मुलकमा प्रजातन्त्र आएपछि मोटाघाटा, सुकिला मुकिला र चिल्ला गाडी चढ्नेहरुको पार्टीभित्र हाबी हुनेछ र त्यतिबेला फेरि पार्टीका आम तथा असल र इमानदार कार्यकर्ताले तीनका विरुद्धमा एक पटक संघर्ष गर्नुपर्ने हुन्छ ।" भनेको त्यतिबेलाको भनाइ २०४६ सालको जनआन्दोलनले पूनर्स्थापना गरेको प्रजातन्त्र पछिका दिनमा यी पुराना भनिएका र उक्त आन्दोलनमा होमिएका कुनै पनि राजनीतिक दलमा, ती दलका नेताहरु र शासन सत्तामा गएका कुनै पनि सरकार प्रमुखले देश र जनताको आर्थिक स्तरमा रूपान्तरण गर्नुको सट्टा उल्टै भ्रष्टाचारको प्रथा झन् बढ्दै गयो । ठूलो संख्यामा भ्रष्टाचारीहरु मौलाउँदै गए ।

यस तथ्यलाई कुनै पनि कोणबाट हेर्दा, कसैले होइन भन्ने अवस्था छैन । तर, भन्न त यीमध्येकै प्रायः तीनैले भन्ने गर्छन् जो सोझा र निरीह जनताको आँखामा छारो हालेर पटक-पटक चुनाव लड्नु पर्ने स्वार्थी व्यक्ति तथा नेताहरुको एउटा जमातले सबै यस्ता नहोलान् विरलै र अपवादको रूपमा । त्यसैगरी भन्ने गर्छन् जसलाई पटक-पटक सत्ताको कुर्सीमा बसेर देशको ढुकुटी लुट्ने भ्रष्टाचारी शासक सबैले । भ्रष्टाचार गर्न हुन्न, गर्न दिन्न भन्ने र आफुँले नगरेका सरकार प्रमुखको आयु धेरै हुँदैन । ती सरकार प्रमुख भएर धेरै बाँचे भने बढीमा एक वर्ष नत्र छ महिना पनि टिक्न सक्दैनन् । उदाहरणका पात्र ती हुन् जो नेपाली कांग्रेस पार्टीका संस्थापक नेता कृष्णप्रसाद भट्टराई (किसुनजी) र नेपाल कम्युनिस्ट पार्टी एमालेका मनमोहन अधिकारी । जसलाई गिरिजाप्रसाद कोईराला र प्रतिगमनको नायक के पी शर्मा ओली जस्ता अहंकारका दुसासन जस्ताले अनेक षड्यन्त्र गरेर निमोठे ।

अर्को पञ्चायतको विकल्पमा उदाएको राप्रपा त त्यसैपनि तीनैका मतियार बन्नु स्वभाविकै हो । जसले २०१५ सालको निर्वाचनमा नेपाली कांग्रेस पार्टीले दुई तिहाइ मत ल्याएर निर्विरोधरूपमा प्रधानमन्त्री हुने



*चुनावी परिणामको सन्देश, मुख्य राजनीतिक नेतृत्वलाई सच्चिएर जाउ भन्ने छ । सबैभन्दा पहिला नेतृत्व चयन र हस्तान्तरणको विधि लोकतान्त्रिक बनाउ र लोकतान्त्रिक विधिअनुसार नयाँ पुस्तालाई जिम्मेवारी देऊ भन्ने छ । जनताको मनोविज्ञानअनुसार काम गर भन्ने सन्देश चुनावले दिएको छ । यदि दलहरू सच्चिन नसके व्यवस्था परिवर्तनको बाटोमा मुलुक जानेछ ।*

विश्वेश्वरप्रसाद कोइराला जस्ता महानायक प्रधानमन्त्रीको नेतृत्वमा बनेको सरकारलाई त छिमेकी मुलुक र साम्राज्यवादी मुलुकको सहायता लिँदै या राजा र दरबारलाई उकासेर केही महिनामै 'कु' गर्न राजालाई दबाब दिएर निरंकुश पञ्चायतलाई ३० पर्ष टिकाए भने अहिले राप्रपामा तिनीहरू र तिनैका वंशले चलाएको छ । उ पनि किन पर्छ र अहिलेको यस्तो मौकाको फाइदा लिनका लागि । देश रूपान्तरणको नाममा युद्ध गरेर हजारौंको बलिदानी दिएर आएको माओवादी नेतृत्वमाथि समेत आज सुशासनका विषयमा थुप्रै प्रश्न उठेका छन् । उसका हालका गतिविधि पनि सोही खालका छन् । अबपनि गतिविधि सच्चिने सम्भावना कम देखिन्छ ।

यसपटकको चुनावले कम्तीमा नेकपा (एमाले) र नेपाली कांग्रेसमा नेतृत्व हस्तान्तरण हुन्छ कि दोस्रो पुस्ताको हातमा आउँछ कि भन्ने जनताले भरोसा गरेका थिए तर, नआउने लक्षण पक्कापक्की भयो भन्दा पनि हुन्छ । नेपाली कांग्रेसका नेता तथा पार्टीको १४औं महाधिवेशनका सभापतिका उम्मेदवार तथा मोरङ निर्वाचन क्षेत्र नं.६ बाट विजयी उम्मेदवार डा. शेखर कोइरालाले भनिसकेकी "अहिलेको सरकारको नेतृत्व शेरबहादुर देउवाको विकल्प छैन ।" यसो भनेको समाचारमा सुनिँदा अचम्म लाग्यो । जसले हिजो महाधिवेशनका बेला शेरबहादुर देउवाको विरुद्धमा सभापतिमा लडेको व्यक्ति तथा नेताले त अब चुनाव जितेर आइसकेपछि प्रधानमन्त्रीको दाबा गर्छकी भन्ने थियो । तर, बिडम्बना उनले देउवाकै पक्ष ओगटे । जसरी लामो समय नेतृत्व परिवर्तनको पक्षमा शशांक लागेको थिए तर, महाधिवेशनमा देउवालाई जिताउन लागे त्यसैगरि अर्का कोइरालाको भूमिका पनि त्यस्तै देखियो । यसले कांग्रेस पार्टी चरम व्यक्ति स्वार्थ र चरम यथास्थितिवादी सोंच रहेको प्रष्ट्याउँछ । यसले कांग्रेसभित्र जोडदार उठेको नेतृत्व हस्तान्तरणको विषयलाई पनि तुहाएको छ । उता नेकपा (एमाले)मा पनि नेतृत्व हस्तान्तरणको विषय उठ्न सकेको छैन । एमालेमा अझै नेतृत्वले विकल्प नदिएसम्म हस्तान्तरणको विषय उठ्ने छैन ।

माओवादी केन्द्रको त विषय नै बेग्लै छ । त्यहाँ पार्टी नेतृत्व परिवर्तनको विषय उठ्नु ठूलो कुरा मात्रै हुन्न पार्टी विघटनको कुरा समेत हुन जान्छ । माओवादीभित्र कसैले पनि नेतृत्व हस्तान्तरणको विषय उठाउनै हिम्मत गर्दैनन् । जसको कारण पनि माओवादी क्रमशः अलोकप्रिय मात्रै होइन जनताबाट बहिष्करणमा समेत पर्दै गएको छ । समयअनुसार नीति र नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने मनोविज्ञानलाई माओवादीभित्र जबरजस्त दबाउँदै लगिएको छ ।

उल्लेखित घटनाले अब नेपाली जनतामा महत्वपूर्ण र ठूलो चुनौती आइलागेको देखिन्छ । त्यो भनेको राजनीतिक दलहरुभित्रको परिपार्टीलाई परिवर्तन गर्ने । राजनीतिक पार्टीहरुलाई शुद्धिकरण गर्ने । यदि जनताले त्यो कदम चाल्न नसके मुलुकको राजनीतिक कोर्ष थप सकसतिर गइरहनेछ ।

जसकारणले अब फेरि नेपाली जनताले अर्को क्रान्ति गर्नुपर्ने अवस्था आउनसक्छ । किनकि यस तितो यथार्थ र तथ्यलाई नेपालका पुराना राजनीतिक दल र दलका नेता या शासकले कहिल्यै बुझेनन् भने पार्टीभित्रका युवा शक्ति पनि उनै हैकमवाद र प्रतिगमनको छायाँमा पर्न जान्छन् । एक/दुई जना लागेर यो शक्तिलाई परास्त गर्नसक्ने अवस्था छैन ।

अहिले केही उग्रपन्थी तथा विखण्डनको नारा दिने शक्तिहरु पनि संसदमा थपिन आइपुगेका छन् । जसले राजनीति थप सकसपूर्ण हुने देखिएको छ । यो भनेको अर्थ तीनै ऐतिहासिक र ठूला भनिएका पार्टी र नेताहरुलाई कि सच्चिएर देखाउ कि त पन्छिएर जाउ भन्ने हो । होइन भने नयाँ पार्टी या नयाँ पुस्तालाई देश चलाउन र देश विकास र जनताको आर्थिक स्तर सुधार्नका लागि जिम्मा लगाई बाटो खुल्ला गरिदेउ भन्ने सन्देश हो । चुनावी परिणामको सन्देश, मुख्य राजनीतिक नेतृत्वलाई सच्चिएर जाउ भन्ने छ । सबैभन्दा पहिला नेतृत्व चयन र हस्तान्तरणको विधि लोकतान्त्रिक बनाउ र लोकतान्त्रिक विधिअनुसार नयाँ पुस्तालाई जिम्मेवारी देऊ भन्ने छ । जनताको मनोविज्ञानअनुसार काम गर भन्ने सन्देश चुनावले दिएको छ । यदि दलहरु सच्चिन नसके व्यवस्था परिवर्तनको बाटोमा मुलुक जानेछ ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

प्रत्येक निर्वाचनमा हामी मतदाता ठगिएका छौं । 'देखिने र सुनिने गरी जिम्मेवार प्रतिपक्षी बन' भनेर राजनीतिक परिक्षणको लागि सानो संख्या मात्र दिएर सदनमा पठायो– हरेक साना दलहरू पनि सरकारमै जान खुट्टा उचाल्छन् । बरू कांग्रेस/एमालेले सरकार बनाउ । बाँकी सबै भुराभारी दलहरू प्रतिपक्षमा बस ।



**- डम्मर खतिवडा**

२०१५ सालमा कांग्रेसको दुईतिहाई थियो– स्थीरता भएन । २०४८ र २०५६ मा बहुमत थियो– स्थीरता आएन । २०७४ मा कम्युनिष्ट गठबन्धनको झण्डै दुईतिहाई थियो– झनै अस्थीरता भयो । अस्थीरता संसद र संख्यामा हैन, पुराना दल र नेताको जिनमा छ । यो कहिल्यै नहुने वाइयात स्थीरतामाथि बेकारको बहस नगरौं ।



**- नीलाम्बर आचार्य**

राम्रो गर्ने मानिसले सबैबाट सराहना पाउँछ भन्ने होइन । जसको स्वार्थमा धक्का लाग्छ ऊ तिलमिलाउँछ र विरोध गर्छ । जसलाई जलन हुन्छ ऊ तात्तिन्छ र विरोध गर्छ । कोही यस्ता हुन्छन् जसले सामान्य सोंचिएका मानिस अघि बढेको सहनै सक्दैनन् । राम्रो गर्नेले राम्रो गरिरहनुपर्छ ।



**- नवराज पन्त**

आयातमुखी नेपालले विदेशी मुद्रा घटेको बहानामा बैंकको ब्याजवृद्धि, निर्माण क्षेत्रमा ऋण रोक्ने आदि गर्नु गलत छ । नेपालको ढुंङ्गा बिजुली प्रयोग गरेर पेलिन्छ र त्यो सिमेन्ट स्वदेसी निर्माणमा प्रयोग हुन्छ । गभर्नरले ऋण रोक्दा निर्माण रोकिन्छ, सिमेन्ट उत्पादन ठप्प हुन्छ, राजश्व सुक्छ । गलत नीति हाबी भो ।



**- पुरूषोत्तम ढुंगेल**

जे–जस्तो परिस्थिती आई परे पनि जनताले निर्वाचनमा उत्साहपूर्वक भाग लिएर सफल बनाई दिएकै हुन । अब पार्टीहरूले जनताको अभिमतलाई आत्मसात गरेर स्वच्छ र इमानदार छवि भएकाहरूको काम गर्ने सानो मन्त्रिमण्डल बनाएर पुराना कमि कमजोरीलाई सच्चाएर देश र जनताको समृद्धिमा मन्त्रिहरूले उर्जा खर्च गरून ।

# प्रेमका कुरा !

ब्लग



● सरस्वती महरा

"पुरुषहरू अहिले पनि आइमाईहरूले परम्परागत काम गरिरहेको हेर्ने बानीमा छन् । तिनलाई बुद्धिमान/बौद्धिक आइमाईहरूको संगत त चाहिएको हुन्छ तर, विवाह गर्नलाई होइन । एउटा शसक्त महिलाको साथको कदर गर्न उनीहरुलाई अहिले पनि आँउदैन ।"- अमृता प्रीतम, भारतीय बुद्धिजीवी एवम् चर्चित वरिष्ठ साहित्यकार ।

अमृता प्रितमले यस्तो कुरा किन भने होलान् ? शाहिर लुधियानीलाई गाली गर्न ? शाहिर पनि भारतीय पुरूष नै हुन् । अमृता प्रितम जस्तो प्रतिभाशाली, अत्यन्तै बौद्धिक सम्वेदनशील महिलाले सबै पुरूषहरूलाई एउटै डालोमा राखेर पकाउने जस्तो झुर कुरा किन गरे होलान् ? निश्चय पनि पुरूषभित्र पाइने एउटा जब्बर प्रवृत्ति, त्यसमा पनि जब्बररूपमा भलाद्मी, बुद्धिजीवी भनौदा भलामानुष पुरूषहरूमा पाइने 'बनमानुष प्रवृत्तिलाई' नै भनेका होलान् । यसोभन्दा तर, शाहिर पनि बुद्धिजीवी नै हुन् भन्ने कुरा पनि बिर्सेनन् होलान् । त्यसो भए शाहिरलाई किन गाली गरे होलान् ?

ईश्मत चुगताई ! तसलिमा नसरीनले समाजसित विद्रोह गर्ने केटीहरूलाई समाजले 'नष्ट मे' बिग्रिएकी केटी भन्ने उपाधि दिन्छ भने झैं ईश्मतलाई पनि बिग्रिएकी आइमाई, अश्लिलताको कुरा गर्ने समाज भाड्ने आइमाई जस्ता आरोपहरु सधैंभरि आइलाग्यो । त्यसो र उनको कुरा नगरौं । नसरीनको कुरा आइसकेपछि भनौ पुरुषसितको प्रेम सम्बन्धमा नसरीनको विचार पनि त्यति हार्दिक भएन नै । महादेवीले सानै उमेरमा विवाह गरे । तिनै विवाह गरेको लोग्ने पुरूषलाई नै प्रेम पनि गरे तर, पछिबाट आफैंले प्रेम गरेको ती प्रेमी लोग्नेलाई आफ्नै खुशीले दुत्कारे । किन ?

यस्तै, संसारभरिको दुःखी आत्मा र गरिब असहाय मनहरूको दुःख पीडासित प्रेम गर्नसक्ने, जीवन साट् नसक्ने सहृदयी महाश्वेताको अग्नि गर्भ जस्तो मुटुको एककुनामा तर, तुपारो र हिमपातहरू भने सधैंजसो बर्सीनैरह्यो । किन होला ?

प्रेम गर्ने बौद्धिक, बुद्धिजीवी भनेका महिलाहरुको हाल यस्तो भएदेखि प्रेम गर्ने सामन्य महिलाहरुको जीवनको कुन गति होला ? कुन रूप अनि रङ होला ?

लेनिनले कतै एक ठाउँ आफ्नै कमरेडहरूलाई भनेका रहेछन्, "हाम्रा त्यस्ता कतिजना कमरेडहरू होलान्, कहिलेकाहीँ जसले बिहानै उठेर, एक कप चिया आफ्नो हातले बनाएर श्रीमतीलाई ओछ्यानमै पुर्‍याउँछन् । त्यस्ता कमरेडहरू शायद हातको औलामा गन्ती गर्न सकिने मात्रै होलान् ।" भन्नैपर्ने हुन्छ, स्वास्नीमान्छेलाई प्रेम गर्ने सवालमा कमरेडहरूको हाल पनि उस्तै बेहाल छ । यसो भनौ तेस्रो चौथो डाईमेन्सन जतैबाट हेरिए पनि हामी बाँचेको समाजमा प्रेमको हाल बेहाल र चौपट्टै छ भनौ ।

उसोभए जीवनलाई निस्सारतामा बुझ्ने, शून्यवादमा बुझ्ने पारिजातको सकम्बरी वेश त ? तथापि, जे जस्तो भएपनि तर, जीवन आशाले भरिएको छ । त्यसोभए जीवनसित निस्सारताको के साइनो ? शून्यवादसित के सरोकार ? त्यसलाई त पारिजातले लेखेको 'मैले नजन्माएको छोरो' कथा सुनाइदिए पुग्छ । भनौ काफ्का नित्सेको जीवनदर्शन भन्दा पारिजातको यथार्थवाद नै मौलिक र भरपर्दो छ ।

जीवनमा आशा र सपनाहरूको महत्व हुन्छ र भएजस्तै स्वास्नीमान्छेसित प्रेम गर्ने र सम्मान गर्ने कुराको पनि त्यतिकै महत्व हुन्छ र त्यो त्यतिकै स्वाभाविक कुरा पनि हुन्छ, भन्ने कुराहरू निश्चय पनि विशिष्ट र जटिल बुद्धिवाला जीवहरूले भन्दा औसत र सामान्य बुद्धिवालाहरूले नै धेरै स्पष्ट बुझ्ने कुरा व्यवहारबाट जगजाहेर नै छ । तथापि स्वास्नीमान्छेसित प्रेम गर्ने कुरा त्यति चानचुने कुरा भने होइन नै । स्वास्नीमान्छेलाई प्रेम गर्नु भनेको उसको जिँउदो जाग्दो अस्तित्वसित पनि प्रेम गर्नु हो अनि जिउँदो मान्छेको अस्तित्वसित प्रेम गर्ने कुरा गाह्रै कुरा पनि हो । भारतीय बुद्धिजीवी, कडोडौं लाखौं प्रेमिल हृदय एवम् बिन्दास युवा बिद्रोही मनहरूका लोकप्रिय शायर, शाहिरले अमृतासित प्रेम गरे तर, विवाह अर्कैसित गरे ।

उसोभए अमृताको आरोपलाई गलत साबित गर्ने के कुनै पुरूष मान्छे जन्मेनन् त ? जन्मे । मन्टो जन्मे । मन्टो जसले सबै स्वास्नी मान्छेकोहरूको अस्तित्वलाई सम्मान गरे र स्वास्नी मान्छेलाई शायद उनले जस्तो अरू कसैले खोई प्रेम गरे कि गरेनन् भन्न सकिन्न । त्यसो र परूषसत्तात्मक पितृसत्तावादी समाजको अन्तर्विरोध र परिस्थितिहरूले मन्टो जस्ता पुरूषहरू पनि जन्मने रहेछन् । भलै ती एउटा हातको औंलामा गन्ती गर्न पनि नपुगोस् ।

सो बुद्धिजीवी भन्दैमा सबै विचारा पुरूषहरूलाई मात्र गाली गर्नु पनि अनुचितै होला । हाम्रै वरपर छरछिमेकमा पनि धेरै नहोलान् तर, देख्ने गरिन्छ, कतिपय पुरूषहरू घरपरिवार, आफन्त, प्रिय श्रीमतिप्रति प्रेम अनि समर्पण भावमा कतिविघ्न कटिबद्ध र प्रतिबद्ध छन् भने ती कतिपय विचाराहरू प्रिय श्रीमतिहरूबाट पनि पीडित छन् भलै ती पनि औलाको गन्तिमा अटाउने नै किन नहुन् । बढीजसो ती आफ्ना प्रियसी र प्रिय श्रीमतिहरूका मध्यमवर्गीय अभिजातीय कुलीन अभिलाषाहरू, व्यक्तिवादी स्वप्न र महत्वकांक्षाहरूबाट पीडित छन् । त्यस्ता विचारा प्रेमी पुरूषहरू साचो प्रेम गर्ने हुँदा नै पीडित छन् । त्यसो र खास कुरा यो दुनियाँमा साचो प्रेम गर्ने प्रेमिल मनहरूनै पीडित हुँदारहेछन् । चाहे त्यो पुरूषको होस् या स्त्री । प्रेमिल मनहरूले नै आहत हुनुपर्ने रहेछ जहिले पनि । उसोभए के त ? प्रेमिल पीडित मनहरू सबैले सकम्बरी हुने त ? मन थिएन जोगी हुने गाउँदै हिँड्ने ?

जीवन रहुञ्जेल आशा हुन्छ, सपना हुन्छ र त्यो आशा र सपनाको बाटो हिडँदै जाँदा कतिबेला जीवनसितको प्रेममा परिन्छ । थाहै हुन्न । प्रेम यस्तै हुनेरहेछ ।

कुरूप यथार्थ र अप्ठ्यारोहरूको बीचमा पनि चुनौतिपुर्ण/जोखिमपूर्ण जीवनसित प्रेम गर्नु गाह्रै हुन्छ । त्यसरी प्रेम गर्नु र जीवनको लागि संघर्ष गर्ने कुरा झन् गाह्रो होला । तर, साँचो प्रेमले जीवन संघर्षमा उर्जा दिने/स्फूर्ति थप्ने जेनी मार्क्सको कुरा पनि साँचो होला । जेनीले मार्क्सलाई प्रेम गरिन् र शायद त्यसभन्दा बढी उत्पीडितहरूको पक्षमा प्रतिबद्ध, आजीवन संघर्ष गर्ने मार्क्सको प्रेमिल हृदय र विचारसित नै उनले प्रेम गरे । प्रेम शायद यही होला ।


## तपाईंको राशिफल


- **मेष** : विशेष कामले यात्रा हुन सक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।
- **वृष** : धार्मिक कार्यमा सहभागी हुने योग छ । तर, विवाद हुन सक्छ ।
- **मिथुन** : अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुने योग छ ।
- **कर्कट** : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला ।
- **सिंह** : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ ।
- **कन्या** : पदमा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्ने देखिन्छ ।
- **तुला** : दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढनेछ ।
- **वृश्चिक**: स्वास्थ्य राम्रो रहनेछ साथै राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।
- **धनु** : काम गर्दा गर्दै अचानक रिस उठन सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।
- **मकर** : आय वृद्धि हुन्छ । राजनैतिक कार्यमा रूकावट आउन सक्छ ।
- **कुम्भ** : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुन्छ ।
- **मीन** : व्यर्थको यात्रा र परेशानी हुन्छ । साहसी कार्य सफल हुन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# रुसद्वारा युक्रेन वार्ताका लागि बाइडेनको शर्त अस्वीकार





**काठमाडौं/एजेन्सी–** रुसले शुक्रबार अमेरिकी राष्ट्रपति जो बाइडेनले राष्ट्रपति भ्लादिमिर पुटिनसँग युक्रेन वार्ताका लागि राखेका शर्त अस्वीकार गरेको छ ।

'राष्ट्रपति बाइडेनले पुटिनले युक्रेन छोडेपछि मात्र वार्ता सम्भव छ', भन्ने आशय राखेर अगाडि सारेका शर्त रुसका लागि स्वीकार्य नरहेको क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारहरूलाई बताएका छन् ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँको भ्रमणको क्रममा राष्ट्रपति बाइडेनले बिहीबार रुसले वास्तवमै युद्ध अन्त्य गर्न चाहेको भए आफू वार्ता गर्न इच्छुक रहेको बताएका थिए । 'यस युद्धको अन्त्यको लागि एउटा तरिका छ- तर्कसंगत तरिका । त्यो के हो भने रुस युक्रेनबाट बाहिरिने हो' राष्ट्रपति बाइडेनले उल्लेख गरेका छन् ।

पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले शुक्रबार पत्रकारहरूलाई भने कि क्रेमलिन कब्जा गरिएको युक्रेनी क्षेत्रहरू छोड्न तयार छैन तर 'हाम्रो लक्ष्यहरू प्राप्त गर्न वार्ताका लागि खुला छ', मस्को टाइम्सले उल्लेख गरेको छ ।

पेस्कोभले भने, 'संयुक्त राज्यले अझै पनि नयाँ क्षेत्रलाई रूसी संघको हिस्साको रूपमा मान्यता दिँदैन ।' 'निस्सन्देह यसले सम्भावित छलफलका लागि केही प्रकारको पारस्परिक आधारको खोजीलाई महत्त्वपूर्ण रूपमा जटिल बनाउँछ', उनले थपेका छन् ।

बाइडेनले आफ्ना नेटो सहयोगीहरूसँग परामर्श गरेपछि 'पुटिनसँग बसेर उनको दिमागमा के छ भनेर हेर्न पाउँदा खुसी हुने' बताएका छन् ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँसँगको संयुक्त पत्रकार सम्मेलनमा उनले भने, 'यदि वास्तवमा उनी युद्ध अन्त्य गर्ने उपाय खोज्दैछन् भन्ने निर्णय गर्ने रुचि छ भने म पुटिनसँग कुरा गर्न तयार छु । उनले अहिलेसम्म त्यस्तो गरेका छैनन् ।'

म्याक्रोँले वाशिङ्गटनको भ्रमण पछि पुटिनसँग फेरि कुरा गर्ने बताएका छन् । बाइडेन र म्याक्रोँ दुवैले रुस विरुद्धको लडाइँमा युक्रेनलाई दीर्घकालीन सहयोग गर्ने वाचा गरेका थिए ।

# उत्तर कोरियामाथि थप प्रतिबन्ध



**काठमाडौं/एजेन्सी–** प्योङयाङले हालै गरेको क्षेप्यास्त्र परीक्षणको जवाफस्वरूप अमेरिका, जापान र दक्षिण कोरियाले उत्तर कोरियाली व्यक्ति र संस्थामाथि नयाँ प्रतिबन्ध लगाएका छन् ।

अमेरिकामा तीन उत्तर कोरियाली अधिकारीहरूको सम्पत्ति रोक्का भएको वासिंगटनले जनाएको छ । उत्तर कोरियाको आणविक गतिविधिलाई लिएर अन्तर्राष्ट्रिय समुदायले विभिन्न प्रतिबन्ध लगाउँदै आएको छ ।

उत्तर कोरियाले हालै गरेको क्षेप्यास्त्र प्रक्षेपण (अमेरिकी मुख्य भूमिमा प्रहार गर्न सक्ने अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल)ले कोरियाली प्रायद्वीप र सम्पूर्ण विश्वको लागि गम्भीर सुरक्षा जोखिम खडा गरेको अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले एक विज्ञप्तिमा भनेका छन् ।

ब्लिन्केनले पछिल्लो प्रतिबन्ध अमेरिकी सहयोगी देशहरु दक्षिण कोरिया र जापानसँगको समन्वयमा गरिएको र अप्रिलमा युरोपेली युनियनले पनि तीन उत्तर कोरियालीमाथि प्रतिबन्ध लगाइएको बताए ।

टोकियो र सियोलले शुक्रबार पनि नयाँ प्रतिबन्धको घोषणा गरेका छन् । यसैबीच, दक्षिण कोरियाले एक ताइवानी र एक सिंगुरी नागरिकसहित आठ जनालाई प्रतिबन्ध लगाउने जनाएका छन् ।


## मलेसियामा रोजगार

१. कम्पनी: AUTOFILL MANUFACTURING SDN. BHD. शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२६२७ LT. No.: 277011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CHIP HONG RUBBER SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२६२६ LT. No.:277008

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worekr | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: HELISTROM SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२६२५ LT. No.:277006

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worekr | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४

**NICE OVERSEAS PVT. LTD.**

Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5535529, 5523629, 9851193062

E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np

## फ्रि भिषा ! फ्रि टिकट ! सहित मलेसियामा रोजगार

कम्पनी : CANON MACHINERY ( MALAYSIA ) SDN.BHD शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२६३२ L.T. No.:276966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 7 | 0 | स. काममा दक्ष | 1500 | ४३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Reaz And Farah Employment Services Pvt. Ltd.**

G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387

Web: www.reazfarah.com | E-mail : reazandfarah@gmail.com

Gov. Lic. No. 1008/068/069

## मलेसियामा रोजगार

कम्पनी : AGROBES (M) SDN BHD शहर : PEKAN

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२५८४ L.T. No.:276166

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHYTHM OVERSEAS PVT. LTD.**

Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825

9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

Govt. Lic. No. 865/066/067

## मलेसियामा रोजगार

कम्पनी: SOUTHERN REALTY (MALAYA) SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०८/१६ चलानी नं.: ६०१९२६३३ LT. No.: 276974

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Topaz International Pvt. Ltd.**

Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.

Tel.: +977– 014512650 Mobile No.: +977 9851193731


## Manebhanjyang Rural Municipality

# Office Of The Rural Municipal Executive

### Okhaldhunga, Nepal

## Invitation for Bids

**Date of Publication : 2079/08/18 B.S. (Dec, 04 2022 )**

Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive Okhaldhunga invites only electronic bids from eligible bidders for the following Works under NCB Procedures. For the further information please visit E-GP portal of Public Procurement Monitoring Office (PPMO) i.e **(https://www.bolpatra.gov.np)** or contact Manebhanjyang Rural Municipality, Office of the Rural Municipal Executive.

| S .N. | Contract ID. | Description of Work | Bid Security Amount NRs. | Bid Document Fee NRs. | Estimated Amount (With VAT & Contingency) | Last Date of Bid-Submission |
|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB /GKKPY /05/079/080 | Distribution and Maintenance Works (Includes Tapstand Construction,intake and RVT maintenance,Pipeline Trench Cutting,Transporting, laying, joining and Refilling of trenches, electro -mechanical works etc) | 2,55,000.00 | 3,000.00 | 97,22,244.37 | 2079/09/19 BS (03 -01-2023) 12:00 PM |
| 2. | MRM/NCB /MTKSK /06/079-080 | Masalanda Tatha Karyalay Samagri Kharid | 55,000.00 | 3,000.00 | 20,20,485.20 | 2079/09/19 BS (03 -01-2023) 12:00 PM |

**Chief Administrative Officer**

## Invitation for Bids

## Jhapa Rural Municipality

# Office of Rural Municipal Executive

### Taghandubba, jhapa

**Date of publication: 2022-12-04 (2079/08/18)**

1. [Jhapa Rural Municipality, Office of Rural Municipal Executive] invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NIC ASIA** **Name of Office: Jhapa Rural Municipality**
   **Office Code no. : 80101325** **Office Account no.: 2022050512514014**
4. Pre-bid meeting shall be held at [Jhapa Rural Municipality] at 11:00 AM on [2022-12-20 (2079/09/05)].
5. Electronic bids must be submitted to the office [Jhapa Rural Municipality] through PPMO website **www.bolpatra.gov.np/egp** on or before [12:00PM] on [2023-01-03 (2079/09/19)]. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at [1:00PM and [2023-01-03 (2079/09/19)] at the office of [Jhapa Rural Municipality]. Bids must be valid for a period of [90 days] after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N | Project Name: | Contract ID: | Bid security amount: | Bid document fee: | Estimated amount (inclusive PS and VAT): |
|---|---|---|---|---|---|
| 1 | Amarpath Dekhi Purba Mukhiya Chowk Hudai Gadit Gaun Kamatoli Chartagachi Hudai Jhapa Bazar Samma Sadak Kalopatre | NCB/JHAPA/JRM /05/079-80 | 3,20,000/- | 3000/- | 1,24,50,223.65 |
| 2 | Construction of Durga Mandir Samudayik Bhawan Jhapa Gaunpalika-3 | NCB/JHAPA/JRM /06/079-80 | 2,30,000/- | 3000/- | 92,60,197.8 |

# बक्स अफिस समाचार

## ‘हामीले हाम्रा सिनेमा बनाएनौं, अरुकै देखासेखी गऱ्यौं’

कुनै समय चलचित्र क्षेत्रमा अति व्यस्त रहने प्रोडक्सन म्यानेजर **मिलन सुवेदी** “बाटाघरे” अहिले फुर्सदमा छन् । कोरोना कहर पश्चात चलचित्र निर्माणमा कमी आएपछि आफ्नै गाउँतिर रुमलिरहेका सुवेदीले संगाम, त्रिवेणी, जीवन दाता, मायाको जाल, इतिहार, माया त माया हो, मैदान, दिदीबहिनी लगायत झण्डै डेढ सयको हाराहारीमा चलचित्रको प्रोडक्सन म्यानेजर भएर काम गरिसकेका छन् । चलचित्र कर्ममा तीन दशक बिताएका सुवेदी आफैंले पनि केही चलचित्रमा लगानी गरे । तर व्यावसायिकरुपले सफल हुन सकेन । मोफसलमा रहेर चलचित्र जगतलाई नजिकबाट नियाली रहेका सुवेदी यतिबेला चलचित्र क्षेत्र धारासायी बनेको बताउँछन् । चलचित्र कर्ममा नै निरन्तर सक्रिय रहने सोच बनाएका मिलन सुवेदी “बाटाघरे”ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**तपाईंको पछिल्लो दिनचर्या कसरी बित्दैछ ?**

आज भोलि चाहिँ अप्रत्यासितरुपमा कानमा समस्या आएपछि म कानको शल्यक्रिया गरेर आराम गरिरहेको छु । म्युजिक भिडियोको काम गर्दै आफ्नै तात्थलोमा नै समय बिताइरहेको छु । केही समय पहिले लिम्बु संस्कृतिमा आधारित चलचित्रको काम सम्पन्न गरें र म थेरापिष्ट पनि भएकोले बिरामीहरुको सेवामा नै समर्पित छु ।

**एक समयको व्यस्त प्रोडक्सन म्यानेजर अहिले गुमनाम हुनुको कारण ?**

अकल्पनीय घटनाको कारणले मेरो जीवनमा एक प्रकारको नैराश्यता उत्पन्न भयो । २२ वर्षको छोराको देहवासनले मेरो जीवनशैली नै फरक गराइदियो । एक्लो, एकोहोरो आशविहीन निराशका कारण डिप्रेशनको सिकार पनि भएँ । आजभोलि क्रमशः सुधार हुँदैछ । आफूलाई सम्हाल्ने कोसिस गर्दैछु ।

**चलचित्रमा लगानी गर्नु भएपछि आर्थिक कारणले यो क्षेत्रबाट हराउनु भएको हो कि ?**


चलचित्रमै तीन दशक भन्दा धेरै समय बिताएको मान्छे हुँ, पेशा नै यही भएपछि चलचित्र बनाउनै पऱ्यो । नाफा घाटा व्यवसायमा हुन्छ । तर चलचित्र बनाएकै कारण म चलचित्र क्षेत्रबाट विस्थापित भएको भने होइन । म अहिले पनि चलचित्रकै कर्मले टिकेको छु । अर्थात मेरो अर्को पेशा नै छैन । मैले माथि नै उल्लेख गरें म छोराको मृत्युको कारणले ओझेलमा परेको हुँ ।

**मोफसलमा बसेर नेपाली चलचित्र क्षेत्रलाई कसरी मूल्यांकन गरिरहनु भएको छ ?**

पूर्वाञ्चल चलचित्रको उद्गमस्थल हो । एकताका मोरङ, झापा, सुनसरीका धेरै व्यक्ति चलचित्र क्षेत्रमा देखिएका थिए । अहिले देशमा राजनीति अस्थिरता, विभिन्नि आन्दोलन एवं कोराना लगायतका कारण चलचित्र हेर्ने दर्शकको संख्या कम हुँदै गएको छ । मोबाइल तथा संचार क्षेत्रमा भएको आमूल परिवर्तनले सबैभन्दा ठुलो असर नेपाली चलचित्रलाई पर्न गएको छ । हलहरु बन्द हुनु, हलमा दर्शक नहुनु, मापदण्ड नभएर हलहरु विस्तापित हुनु । राज्यले यसतर्फ ध्यान नदिएका कारण झन् अवस्था जटिल बन्दै गएको छ । पेशागत हिसावले यो क्षेत्रमा लाग्ने, यसैलाई कर्म क्षेत्र बनाएर जीविकोपार्जन गर्ने परिवारकोसमेत जिन्दगी धारासायी बनेको छ । पूर्वाञ्चल वास्तवमै प्राकृतिकरुपले असाध्यै सुन्दर छ । त्यसैले धेरै चलचित्रको छायांकन यतै हुने गरेको छ । मुलतः चलचित्रलाई चाहिने दृश्य र भौतिक पूर्वाधारहरु लगायतका कुराले पूर्ण भएको क्षेत्र भएकोले चलचित्र निर्माण गर्न सहज छ । तर प्राविधिक पक्षमा प्रयोग हुने सामग्री बजारमा नपाइने कारण चलचित्रमा कठिनाई चाहिँ पक्कै छ ।

**चलचित्र क्षेत्रको अनुभवी व्यक्ति हुनुहुन्छ, दर्शकले नेपाली सिनेमा किन हेर्ने ?**

चलचित्र कल्पना हो, सिर्जना हो चित्रकला जस्तै अर्थ नबुझे पनि कलाकृतिको प्रसंशक प्रायः सबै हुन्छन् नै । चलचित्र समाजको दर्पण पनि हो । समाजमा भइरहेका कतिपय घटनालाई कल्पना गरेर दर्शकलाई लोभ्याउने बनाएर


**मिलन सुवेदी**, चलचित्रकर्मी

चलचित्र घरसम्म ल्याउन निकै मिहेनत गर्नुपर्ने हुन्छ । सिर्जनात्मक हिसावले समाजभित्र भएका वा कल्पना गरिएका घटनालाई यथार्थपरक ढंगले प्रस्तुत गरिएका चलचित्र मनोरञ्जनका हिसावले, शिक्षाका हिसावले, सन्देशका हिसावले बनिएका चलचित्रहरु आम दर्शकले हेर्नु भयो भने एउटा उद्योग पुनः मौलाउने छ । साथै यसैमा आश्रीत व्यक्ति र परिवारलाई जीविकोपार्जन गर्न सहज हुने थियो ।

**तीन दशकभन्दा बढी समय चलचित्र क्षेत्रमा बिताउनुभयो, विगतलाई कसरी सम्झनु हुन्छ ?**

तीन दशक चलचित्र क्षेत्रमा बितिसक्यो । पहिला र अहिले चलचित्र निर्माण गर्ने प्राविधिक तौरतरिका विकसित उपकरणका कारण केही सहज भएको छ । अरु अभिनय गर्ने कलाकार पनि नाटक वा सोसम्बन्धी विज्ञता हासिल गरेर आउन थाले त्यो अत्यन्तै सकारात्मक छ । प्राविधिक पनि दक्ष छन्, तर सरकारी निकायको प्रष्ट नीति र चलचित्र उत्थानका निमित्त फिटिक्कै चासो नहुनाले पनि चलचित्र उद्योगको यो गति भएको हो । हरेक संघ संस्था चलचित्रको प्रवर्द्धन गर्न खोलिए पनि खासै कसैको चासो नदेखिएकै हो । विभिन्न सम्मान, अवार्ड कार्यक्रम चलचित्र श्रीवृद्धिका लागि गरिएपनि आसेपासे धुपौरेकै पौल्टामा पुग्ने भएकोले सच्चा चलचित्रकर्मीको आजसम्म चाकडी बिना पहिचान हुन सकेको छैन । देशको अर्थतन्त्र डामाडोल भएको अवस्था छ, तर कतिपय उद्योगहरु सरकारले अनुदान या ऋण दिएर सुचारु गर्छ, तर कुनै पनि वित्तीय संस्थाले चलचित्र निर्माणका लागि ऋण समेत पत्याउँदैनन् । सरकारी निकायद्वारा यस विषयमा कतै पहल गरेको देखिएन । समग्रमा पहिलेको भन्दा अहिले चलचित्र गतिविधि शून्यप्रायः छ ।

**आयातित चलचित्रका कारण ठूलो धनराशी बाहिरिनुको कारण नेपाली चलचित्र कमजोर भएर हो ?**

हामीले हाम्रा सिनेमा बनाएनौं । अरुकै देखासेखी गऱ्यौं, त्यसैले हामीलाई उनीहरुको सिनेमाले मन छोएको छ । हामीले आफ्नो मौलिकतमा सिनेमा बनायौं भने ति आयातित चलचित्र नेपाल छिर्न सक्दैनन् । यसको ज्वलन्त उदाहरण प्रेमगीत तीनलाई लिंदा हुन्छ । चलचित्र, निर्देशकको प्रथम सिर्जना हो । उसले चलचित्र छायांकन अगावै आफ्ना आँखाले फिल्म खिचिसकेको हुनुपर्छ, तबमात्र उसको सिर्जना सफल हुन्छ । तर बिडम्बना कुनै भिजन नभएकाहरुले बेढंगका चलचित्र निर्माण र प्रदर्शन गरिदिनाले दर्शक भारतीय तथा अन्य आयातित चलचित्रप्रति आकर्षित भएका हुन् । हामीले पनि दर्शकको इच्छा अनुसारको सिनेमा बनाउने हो भने आयातित चलचित्रले हाम्रो अर्थतन्त्रलाई केही असर पुग्दैन ।

**स्थानीय चुनावमा पनि उम्मेदवार बन्नुभयो, भविष्यको लक्ष्य राजनीति गर्नु हो ?**

राजनीति मेरो हवी होइन तर एउटा सचेत नागरिकको हैसियतले आफ्नो जन्मस्थलमै केही गरौं भन्ने मेरो पुरानो सोच यथावत थियो । संयोग त्यस्तै पऱ्यो म आफ्नै जन्मथलोमै बसिरहँदा यो राजनीतिको पाटोबाट चाहिँ केही गरेर देखाउन सकिन्छ भन्ने मनसायले उम्मेदवारी दिएको हुँ । सफल भइनँ, त्यसैले राजनीति मेरो विषय होइन भन्ने लाग्यो । आस्था राख्छु सक्रिय चाहिँ हुन्नँ ।

**पछिल्लो समय उपचारमा पनि सक्रिय हुनुहुन्छ, कस्तो खालको बिरामी बढी आउनुहुन्छ ?**

म थेरापी गर्छु । प्रायः म कहाँ सबै प्रकारका बिरामी आउनुहुन्छ । विशेष नशासम्बन्धी रोगीहरुको चाप बढी हुन्छ । अन्य बच्चा नहुने, पायल्स, ग्यास्ट्रीक लगायत दिर्घरोगी पनि आउनुहुन्छ । आउन नसक्ने अवस्थाका बिरामी कहाँ म आफैं जान्छु । अधिकांश बिमारीहरु प्रायः डाक्टर कहाँ पुगेर अन्तिम विकल्पको खोजीमामात्र म कहाँ आइपुग्छन्, त्यो चाहिँ दुःख लाग्छ । डाक्टरले निको नबनाएको बिरामीलाई सञ्चो बनाउँदासम्म पनि जस पाइन्न त्यो चाहिँ दुखद पक्ष हो ।

**पुनः चलचित्र क्षेत्रमा फर्कने सोच बनाउनु भएको छ कि ?**

चलचित्र निर्माण मै छु अहले पनि । मेरै लगानीमा निर्माण नभएको भएपनि म पेशाले चलचित्र निर्माण नियन्त्रकको हैसियतमा रहेर चलचित्र निर्माण गरेकै हो र गर्दै पनि छु । तर म आफ्नै लगानीमा बनाउने तत्काल सोच नभएपनि म चलचित्र निर्माण गर्छु, मृत्युपर्यत्न चलचित्र नै मेरो प्रमुख पेशा रहनेछ ।

**दर्शक रुचीको हुनलाई अब बन्ने चलचित्रको विषयवस्तु कस्तो हुनुपर्छ ?**

विषय वस्तु यकिन सफल हुन्छ भनेर कसैले पनि आंकलन गर्न सक्दैन । तथापि विषय वस्तु छनोटमा त्रुटी भए पक्कै पनि चलचित्र सफल हुँदैन । दर्शकको चाहना बुझ्न निक्कै कठिन विषय हो । तसर्थ समय सापेक्ष वर्ग समूहलाई लक्षित हुने, सबै वर्गले सरल तरिकाले बुझ्ने चलचित्र नै विश्व बजारमा सफल भएका छन् । अन्तर्राष्ट्रिय मापदण्डसम्म पुग्ने खालका चलचित्र बन्नु पर्छ । नौलो विषय वस्तु फरक तरिकाले परिस्कृत गरिने हो भने चलचित्र पक्कै सफल हुन्छ ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

धन्यवाद सानु जी र मध्यान्ह दैनिकलाई गुमनाम रहेका हामी जस्ता चलचित्रकर्मीका केही कुरा राख्ने अवसर दिनुभएकोमा । देश संसदीय चुनावपछि नयाँ पथमा हिँड्दै गर्दा चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि केही कदम चालियोस् भन्ने अपेक्षा गरेको छु । पहिला जस्तै चलचित्रको बजार फस्टाओस् भन्ने मेरो असिम इच्छा छ, सबैको जय होस् जय सनेमा ।

## नेपाल फिल्म सोसाइटीद्वारा प्रदेश सांसद श्रेष्ठ र राणालाई बधाई तथा सम्मान



**काठमाडौं/मस–** नेपाल फिल्म सोसाइटीले नवनिर्वाचित प्रदेश सांसदद्वय मदुकुमार श्रेष्ठ र रोज राणालाई बधाई तथा सम्मान गरेको छ । नेपाल फिल्म सोसाइटीका अध्यक्ष वरिष्ठ चलचित्रकर्मी कृष्ण मल्लको सभापतित्वमा भएको कार्यक्रममा बागमती प्रदेश धादिङ क्षेत्र नं. १ (क) बाट प्रदेश सभा सदस्यमा विजयी भएका श्रेष्ठ र लुम्बिनी प्रदेश प्युठान (ख) बाट निर्वाचित भएका राणालाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ ।

उक्त कार्यक्रममा वरिष्ठ संगीतकार शम्भुजित बास्कोटा, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, निर्देशक दिनेश डिसी, चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र खड्का, चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष राजकुमार राई, पशुपति क्षेत्र बिकाश कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा, नेपाल सांस्कृतिक संघका सभापति तिर्थ थापा, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, परिवर्तन नेपालका अध्यक्ष मोहन निरौला, वरिष्ठ अभिनेत्री शर्मिला मल्ल, कलाकार कृष्ण ढुंगाना, निर्माता तथा चलचित्र वितरक गोपालकाजी कायस्थ, चलचित्रकर्मी अशोक शर्मा, कलाकार शिवहरि बैरागी, मनोज केसी लगायत नेपाल फिल्म सोसाइटीका सदस्यहरु, कलाकारहरु र पत्रकारको बाक्लो उपस्थिति रहेको थियो ।

सो अवसरमा नवनिर्वाचित प्रदेश सांसद, नायक एवं निर्माता श्रेष्ठले आफूले फिल्म क्षेत्रका लागि सक्दो सहयोग गर्ने बताए । ‘म राजनीतिका अलवा फिल्म क्षेत्रबाट पनि चिनिएको छु’ श्रेष्ठले भने, ‘फिल्म क्षेत्रका लागि बागमती प्रदेशबाट हुने कामका लागि म पहल गर्नेछु ।’

सांसद कार्यकालको ५ वर्ष आफू भ्रष्टाचार नगर्ने र पाउने तलब भत्तासमेत गरिब नागरिकको स्वास्थ्य र शिक्षामा खर्च गर्ने बताउँदै श्रेष्ठले चलचित्रकर्मीको साथ र सहयोगबाट आजको स्थानमा आउन सफल भएको धारणा राखे । ‘फिल्मकर्मीको साथ र सहयोगको पनि अहिलेको सफलतामा हात छ,’ श्रेष्ठले भने, ‘त्यो साथ र सहयोग आगामी दिनमा पनि आवश्यक छ । म पनि यो क्षेत्रका लागि सक्दो सहयोग गर्नेछु ।’ त्यस्तै अर्का चलचित्रकर्मी तथा नवनिर्वाचित प्रदेश सांसद राणाले प्रदेशको माध्यमबाट चलचित्र विकास बोर्डलाई स्वायत्त बनाउन आफूले सक्दो पहल गर्ने बताए । ‘म प्रदेश सांसद हो । हाम्रो काम प्रदेशका लागि नीति नियम निर्माण गर्ने हो,’ राणाले भने, ‘म गठबन्धनको तर्फबाट विजयी भएको हो । यदि केन्द्रमा हाम्रो सरकार बन्यो भने बोर्डको स्वायत्तताका लागि विशेष पहल रहनेछ ।’ सातैवटा प्रदेशमा चलचित्र विकास बोर्ड गठन हुनपर्ने धारणा समेत राखेका राणाले आफ्नो बेस चलचित्र र पेशा पनि चलचित्र भएकोले यो क्षेत्रको विकासका लागि सक्दो पहल गर्ने बताए । ‘चलचित्रको नीति बनाउने केन्द्रीय तहमा मेरो प्रतिनिधित्व छैन,’ राणाले थपे, ‘सोही कारण पनि हामीले धेरै काम गर्न नसक्ने हुनसक्छ । यो सबैले मनन गर्नुपर्ने हुन्छ । सकेको सहयोग भने गर्नेछु ।’ कार्यक्रममा बोल्दै नेपाल फिल्म सोसाइटीका अध्यक्ष वरिष्ठ चलचित्रकर्मी कृष्ण मल्ल, वरिष्ठ संगीतकार शम्भुजित बास्कोटा, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, निर्देशक दिनेश डिसी, चलचित्र कलाकार संघका अध्यक्ष रविन्द्र खड्का, चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष राजकुमार राई लगायतले सांसदले चलचित्र क्षेत्रको समस्याको विषयमा सदनमा कुरा उठाउनुपर्ने धारणा राखे ।


### खोटेहाङ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति २०७९।०८।१८**

यस कार्यालयबाट मिति २०७९।०६।३० गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित KRM/Works/NCB-01/2079-080 र KRM/Works/NCB-02/2079-080 को सूचना अनुसार E-Bid मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्य प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएकोले निजले पेश गरेको आर्थिक प्रस्ताव E-Bid मार्फत मिति २०७९।०८।२६ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन सहित) को नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| KRM/Works/NCB-01/2079-080 | Khotang Pamakham Bhanjyang Sadak Sanrachana Nirman. (Khotehang 3,4 and 7) | i) B.K.S.K Construction & Suppliers Pvt.Ltd |
| KRM/Works/NCB-02/2079-080 | Rasuwa Pandhare Sadak Sanrachana Nirman. (Khotehang 6,8 and 9) | i) B.K.S.K Construction & Suppliers Pvt.Ltd |

**प्रमुख प्रशासकीय अधिकृत**



### मलेसियामा रोजगार
कम्पनी : BENA TERRA SDN BHD
शहर : PERAK

पूर्व स्वीकृत मितिः २०७९/०८/११ | चलानी नं.: ६०१९२३२० | L.T. No.: 276518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 80 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RASUWA OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ११३०/०७३/०७४

**रसुवा ओभरसिज प्रा. लि.**
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com,
Web.: www.rasuwaoverseas.com



### कुवेतमा रोजगार
१. कम्पनी : Yak Barq Company For The Delivery Of Consumers Orders
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः२०७९/०७/१७ | चलानी नं.: ६०१९०४१९ | Lt. No.: 274698 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Bike Delivery Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Car Delivery Driver | 15 | 0 | | 135 | ५६,९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TOKIYO
Govt. License No.: 1307/074/075

**TOKIYO OVERSEAS PVT. LTD.**
Airport, Manpower Bazar, Road No. -2, Kathmandu, Nepal, Tel +977-1-4494008
E-mail: tokiyomanpower.2020@gmail.com | Web: www.tokiyooverseas.com.np
Mobile No.: 9802045672 (Surin Gautam) 9802045674 (Basanta Khatiwada)



### चौतारा साँगाचोकगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९ /०८ /१८)**

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७९/०६ /१२ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS-01/079-80 | Upgrading Works In Chihandada-Simpani-Balefi Road Sector, CSGM-4 | Bikash Nirman Sewa Chautara-4, Sindhuplchok. | ९७,९१,९४६.५७ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

# कतार विश्वकप
# प्रिक्वाटरफाइनल समीकरण पूरा




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १७ मंसिर

कतारमा जारी फिफा विश्वकप २०२२ मा समूह चरणका सबै ४८ खेल सम्पन्न भएका छन् । समूह चरणका खेल सकिँदा अपराजित रहने टिममा नेदरल्याण्ड्स, इंग्ल्याण्ड, अमेरिका, मोरक्को र क्रोएसिया छन् । सहभागी ३२ वटै टिमले समूह चरणमा कम्तीमा एक गोल व्यहोरेका छन् ।

ब्राजिल, अर्जेन्टिना, फ्रान्स, पोर्चुगल र जापान समूह चरणमा एक खेल हारेर पनि समूह विजेता बनेका छन् । विश्वकप २०२२ को नकआउट चरणको समीकरण पूरा भए सँगै अन्तिम १६ को टुंगो लागेको छ ।

जसमा नेदरल्याण्ड्स विरुद्ध अमेरिका, अर्जेन्टिना विरुद्ध अष्ट्रेलिया, फ्रान्स विरुद्ध पोल्याण्ड, इंग्ल्याण्ड विरुद्ध सेनेगल, जापान विरुद्ध क्रोएसिया, ब्राजिल विरुद्ध दक्षिण कोरिया, मोरक्को विरुद्ध स्पेन र पोर्चुगल विरुद्ध स्विट्जरल्याण्ड रहेका छन् ।

शनिबार बिहान भएका समूह चरणका अन्तिम खेलपछि समूह विजेता बन्दै ब्राजिल विश्वकप फुटबलको नकआउट चरणमा प्रवेश गरेको थियो । क्यामरुनसँग १-० ले पराजित भएपनि ब्राजिल समूह विजेताको रुपमा राउण्ड अफ १६ मा पुगेको हो ।

लुसेल स्टेडियममा भएको खोलमा क्यामरुनको जितको पक्षमा भिन्सेन्ट अबुबाकरको गोल निर्णायक बन्यो । उनले खेलको इन्जुरी समयमा गोल गरेका थिए । गोल लगत्तै उनी दुई पहेलो कार्डसहित रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएका थिए ।

गोल गरेको खुसीयाली मनाउन जर्सी फुकालेपछि उनले दोस्रो पहेलो कार्ड पाएका थिए । यस हारसँगै ब्राजिलले ३ खेलमा ६ अंक शीर्ष स्थानमा रहेको छ । क्ययामरुन ३ खेलमा ४ अंक जोड्दै समूह चरणबाट बाहिरिएको छ ।

शनिबार बिहानै सम्पन्न अर्को खेलमा सर्बियालाई ३-२ गोल अन्तरले हराउँदै स्विट्जरल्याण्ड राउण्ड अफ १६ मा पुगेको छ । खेलको २० औ मिनेटमा शेरदान शाकिरीले स्विट्जरल्याण्डका लागि पहिलो गोल गरे भने २६ औं मिनेटमा एलेक्सजेन्डर मिट्रोभिचले गोल गर्दै सर्बियालाई १-१ गोलको बराबरीमा ल्याए । ३५ औं मिनेटमा डुसन भ्लाहोभिचले गोल गर्दै सर्बियालाई २-१ को अग्रता दिलाए । स्टेडियम ९७४ मा भएको खेलको ४४ औं मिनेटमा ब्रेल इम्बोलोले गोल गर्दै स्विट्जरल्याण्डलाई २-२ को बराबरीमा ल्याए ।

त्यसपछि खेलको ४८ औं मिनेटमा रिमो फ्रयूलेरले गोल गर्दै स्विट्जरल्याण्डलाई ३-२ को जित दिलाए । यस जितसँगै स्विट्जरल्याण्ड 'जी' को उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो । स्विट्जरल्याण्डले ३ खेलमा ६ अंक जोड्यो भने सर्बिया ३ खेलमा १ अंक जोडेर प्रतियोगिताबाट बाहिरिएको छ ।

# उपाधिका लागि लुम्बिनी र सुदूरपश्चिम भिड्ने

**काठमाडौं/मस-** मधेस प्रदेशलाई ५८ रनले पराजित गर्दै साविक विजेता लुम्बिनी प्रदेश राजधानीमा जारी यु-१९ पुरष राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको फाइनल प्रवेश गरेको छ ।

शनिबार कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा सम्पन्न खेलमा लुम्बिनीले मधेसलाई हराउँदै फाइनलमा स्थान बनाउँदा सुदूरपश्चिसँग भेट पक्का गरेको हो । शनिवार लुम्बिनीले दिएको २ सय २३ को लक्ष्य पछ्याएको मधेसले ४५.४ ओभरमा १ सय ६४ रन बनाउन सक्यो । मधेसका लागि मयन यादवले ४५ बलमा ३८ रन बनाए । सरफराज मन्सुरले ३१ रन बनाए । अलि अन्सारीले २२ तथा डब्लु मल्लिकले १८ रन बनाए । लुम्बिनीका लागि अभिषेक गौतम र विशालविक्रम केसीले समान ३/३ विकेट लिए ।

त्यसअघि पहिला ब्याटिङ गरेको लुम्बिनीले निर्धारित ५० ओभरमा ९ विकेटको क्षतिमा २ सय २२ रन बनाउन सक्यो । लुम्बिनीका लागि प्रज्वल थापाले सर्वाधिक ८५ रनको अर्धशतकीय इनिङ पूरा गरे । यस्तै आकाश त्रिपाठीले २३ रन, विशाल भुषाल र निर्मल गुरुङले समान १३/१३ रन बनाए भने देव खनाल ११ रनमा आउट भए । बलिङतर्फ मधेसका लागि निकेश गुप्ता ३ विकेट, अभिषेक तिवारी र नितेश यादवले समान २/२ विकेट लिए । जितसँगै लुम्बिनी लगातार दोस्रो पटक फाइनल पुगेको छ । अब सोमवार हुने फाइनलमा लुम्बिनीले सुदूरपश्चिम प्रदेशको सामना गर्नेछ ।


## सिभिल व्यवसायी बहुउद्देश्यीय सहकारी संस्था लि.

सुन्धारा, काठमाडौं

### छैठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री शेयर सदस्य महानुभावहरु,

यस संस्थाको सञ्चालक समितिको मिति २०७९ साल मंसिर महिनाको ११ गते आईतबारका दिन बसेको बैठकको निर्णय अनुसार सहकारी संस्थाको छैठौं वार्षिक साधारणसभा तपसिलमा उल्लेखित विवरणमा छलफल तथा निर्णय गर्न विवरणमा उल्लेखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर सदस्य महानुभावहरुको उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छलफलका विषयहरु

१. अध्यक्षको प्रतिवेदन तथा आ.व. २०७९/२०८० को वार्षिक कार्ययोजना प्रस्तुत गर्ने ।
२. कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०७८/२०७९ को वार्षिक लेखापरीक्षण प्रस्तुत गर्ने ।
३. आ.व. २०७९/२०८० को लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व. २०७८/२०७९ को मुनाफाबाट लाभांश वितरण घोषणा गर्ने
५. लेखा संयोजकबाट आएको राजीनामा सम्बन्धमा तथा नयाँ लेखासमिति गठन गर्ने ।
६. साधारणसभाको माइन्युट दस्तखत गर्ने र प्रतिनिधि नियुक्त गर्ने
७. विविध

**सभा बस्ने मिति, स्थान र समय**
**मितिः २०७९/०९/०२ गते शनिबार**
**स्थानः सिभिल मल ब्यापार संघको कार्यालय**
**समयः बिहान ११ बजे**
**फोन नं. ०१–५३१८४८८,** इमेलःcivilbyabasayee@gmail.com

सचिव
सुनिल श्रेष्ठ
सिभिल व्यवसायी बहुउद्देश्यीय सहकारी संस्था लि.



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०८/१८**

**जे.एन.ए. नर्सिङ्ग कलेज प्रा.लि.**को मिति २०७९/०७/१५ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.एण्ड बि. हस्पिटल एकेडेमी अफ हेल्थ साईन्स प्रा.लि. (प्रा. लि. नं.: २९०४५८)** कायम गर्ने गरी मिति २०७९/०८/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## MIRCHAIYA MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
**MIRCHAIYA, SIRAHA**
**PROVINCE MADHESH, NEPAL**

### Invitation for Sealed Quotation

**Invitation For Bids (IFB):- 01-MM-2079/80**
**Second Publication Date: 2079/08/18 (December -04, 2022)**

1. Mirchaiya Municipality has allocated funds (Government of NEPAL) towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bids are open to all eligible Nepalese bidders.
2. Mirchaiya Municipality Office of the Municipal Executive Mirchaiya, Siraha Province Madhesh, Nepal invites electronic bids form eligible bidders for following under national competitive bidding Procedure. Some of the information is mentioned below, through the details are in the bidding documents.
3. A Complete set of Bidding Documents may be downloaded from the PPMO e-Portal-WWW.Bolpatra.gov.np/egp(e-GP II) .

| S. N. | Contract ID. | Description of works | Eastimated Amount (Without Vat and with PS) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01-MM-NCB-BUILDING WORKS-2079/80 | Retrofitting of Shree Basic School, Kuthanawa School Building. | 12,84,656.41 | 38,000.00 | 1,000.00 | Sealed Quotation | 2079/09/04 (December-19, 2022 at 12:00) | 2079/09/04 (December-19, 2022 at 13:00) |

**a.Information to deposit the cost of bidding document in Bank:**
i.Name of the Bank: NIC ASIA MIRCHAIYA
ii.Name of Office: MIRCHAIYA MUNICIPALITY, SIRAHA
iii.Name of Account :- GA 1.1- ANTARIK RAJASHWA KHATA
iv.Rajaswa ( revenue ) Account No :- 0662050029387002

**b.Information to deposit the Bid Security in Bank:**
i.Name of the Bank: NIC ASIA MIRCHAIYA
ii.Name of Office: MIRCHAIYA MUNICIPALITY, SIRAHA
iii.Name of Account :-GA 3- DHARAUTI KHATA
iv.Account no.: 6641498748524002

4. Employer Name : MIRCHAIYA MUNICIPALITY OFFICE OF THE MUNICIPAL EXECUTIVE MIRCHAIYA, SIRAHA PROVINCE MADHESH, NEPAL Email : erplanningmirchaiyamun@gmail.com
5. The entire contract amount will be provided Only From Shree Basic School, Kuthanawa Mirchaiya-04 (i.e. Running Bill, Final Bill, Advance Payment etc. all)
6. The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

**Chief administrative officer**

## Phakphokthum Rural Municipality
## Office of Rural Municipal Executive
**Amchok, Illam**
**Province No .1 Nepal**

### Invitation for e-Bids

**Date of Publication 2079/08/18 (04-12-2022 10:00)**

1. Phakphokthum Rural Municipality Invites electronics bids form eligible bidders for the following contract works Under National Competitive Bidding Procedures

| S. N | Contract no | Description of works | Estimated Amount | Bid security Amount (NR) | Fee for bid documents (NRS) | Last date for bids submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| A. | PRM/ILAM/WORKS /NCB/03/2079/080 | Construction of Road works | 1,43,75,814.34 | 3,60,000 | 3,000 | 03-01-2023 12:00 | 03-01 2023 14:00 | Single stage Singal Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-Procurements at www.bolpatra.gov.np /egp PPMO's portals specified in the bid data sheet. Bidders should deposit the equivalent fee for bidding documents in the respective Revenue Account Number (**068010040000005** – Phakphokthum ga.pa Aantarik Rajswa Khata ) and for the bid security (dharauti ) bidders can deposit in **068010020000011** – ga 3 sthaniya tatha dharauti khata) in Sanima Bank ltd Phakphokthum Ilam . Bids shall be valid for as mention above from the last date of submission of bids.
3. For further details, please visit our website **www.phakphokthummun.gov.np** or notice board of Phakphokthum Rural Municipality, office of Rural Municipal Executive.

**प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
## महाकाली प्रादेशिक अस्पताल
**कन्चनपुर**

### शिलबन्दी बोलपत्र तथा दरभाउपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०८/१८ (4th Dec. 2022)**

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र तथा दरभाउपत्र सम्बन्धि प्रकाशित सुचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटिमा राखिएको व्यहोरा अनुरोध छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | लागत अनुमान मु.अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | MPH/NCB/Ration/ 2079/080-6 | अस्पतालको ईन्डोरमा भर्ना भएका विरामीहरुलाई खाना पकाई खुवाउने | ३३६३२१६। | ९२०००। | ३०००। | २०७९।०९।१८ गते बेलुकी ४ बजे सम्म | २०७९।०९।१९ गते १२ बजे सम्म | २०७९।०९।१९ गते दिउसो २ बजे |
| २ | MPH/NCB/Ration/ 2079/080-7 | अस्पतालको पोषण गृहमा भर्ना भएका विरामीहरुलाई राशन सप्लाई | ११९१९८३। | ३३०००। | १०००। | २०७९।०९।१८ गते बेलुकी ४ बजे सम्म | २०७९।०८।१९ गते १२ बजे सम्म | २०७९।०९।१९ गते दिउसो २ बजे |

**मेडिकल सुपरिन्टेण्डेण्ट**

## आन्दोलनमा नाडा

# ‘राष्ट्र बैंक झनै टाइट भएर आयो’

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

अटोमोवाईल्स एशोसिएशन अफ नेपाल (नाडा)ले सरकारको विरुद्धमा मंसिर २२ गतेबाट आन्दोलन शुरु गर्ने भएको छ । आफ्ना मागहरुलाई अगाडि सारेर नाडाले सरकारले सम्बोधन नगर्ने बेलासम्म चरणबद्ध रुपमा आन्दोलन गर्ने जनाएको छ । नाडाका अध्यक्ष ध्रुव थापाले सरकारसँग सवारी साधन आयातको लागि सहज वातावरण बनाउन गरिएका सबै प्रयास असफल भएपछि आन्दोलनमा अगाडि बढ्नुपरेको बताएका छन् ।



‘हाम्रो मागको सुनुवाई नै भएन, जतिपटक भन्दा पनि कुनै सिप लागेन, त्यही भएर सडकमा जानुपर्ने बाध्यता आयो’, थापाले भने । सरकारले गत आर्थिक वर्षदेखि नै विदेशी मुद्राको सञ्चितिमा कमि हुँदै गएपछि पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधन लगायत अतिरिक्त सुविधाका वस्तुको आयातमा प्रतिवन्ध लगाएको थियो । नाडाले सरकारको ढुकुटीमा नै समस्या भएपछि त्यो आफूहरुको पनि समस्या भएको भन्दै सवारी साधनको आयात खुल्ने दिनको प्रतिक्षा गरेको थियो । लामो समयसम्म सवारी साधनको आयातमा प्रतिवन्ध नखुलेपछि पछिल्लो समयसम्म आइपुग्दा देशभरका थुप्रै शोरुम व्यवसायहरु समस्यामा परेका छन् ।

सोधनान्तर स्थिति र विदेशी मुद्राको सञ्चिति लगायतका विषयका सुचकांकहरु सकारात्मक हुँदा पनि अटो व्यवसाय क्षेत्रको माग सुनुवाई नभएको नाडाका अध्यक्ष थापाको भनाइ छ । आफूहरुले चुनाव अगाडि नै आन्दोलन गर्ने तयारी गरेकोमा राष्ट्र बैंकको समिक्षालाई प्रतिक्षा गरेको तर त्यसबाट पनि सम्बोधन नभएको उनले बताए । ‘अब सवारी साधनको आयात त खुल्ने अवस्था बनेको थियो, तर राष्ट्र बैंक झनै कसिलो बनेर प्रस्तुत भयो’, उनले भने ‘राष्ट्र बैंकको समिक्षाले केही सम्बोन गर्छ कि भन्ने आशा थियो, तर समिक्षामा अपेक्षाअनुसारको केहीपनि आएन ।’




लामो समयको प्रतिवन्धका कारण सिमित ठूला व्यवसायी बाहेक अन्यको चिन्ताजनक बनेपछि अब लामो समयसम्म प्रतिक्षा गर्न नसक्ने अवस्था अटो व्यवसायीहरुको रहेको छ । नाडाका अध्यक्ष थापाका अनुसार सवारी साधन बाहेक विलासिताका क्षेत्रमा प्रयोग हुने अन्य वस्तुको आयात ठूलो रहेको छ, तर सरकारले चाहिँ अटोमोवाइल क्षेत्रलाई नै टार्गेट गरेको छ । त्यसैले आफूहरु आन्दोलनमा जानुपरेको उनको भनाइ छ । ‘राज्यलाई असहज भएको बेलामा हामीले धैर्य गरेर बस्यौं, अहिले त हरेक कुरामा सुधार भएको छ, अहिलेको डलर सञ्चिति अघिल्लो फागुनको तुलनामा धेरै राम्रो छ’, थापाले भने, ‘अटोमोवाइल भनेको आयातको १ प्रतिशत भन्दा पनि कम छ, भनेपछि रोक्न पर्ने कारण नै छैन ।’ उनका अनुसार सवारी साधनको आयातमा जम्मा १७/१८ अर्ब नेपाली रकम बराबरको डलर खर्च हुने भएकाले त्यो भनेको सानो विदेशी मुद्रा खर्चको सानो हिस्सा भएको बताए ।

सवारी साधनको आयातमा लगाइएको प्रतिवन्धको कारणले सरकारलाई राजश्व आम्दानीमा समेत असर गरेको अध्यक्ष थापाको भनाइ छ । आर्थिक नीतिहरु पछिल्लो समयमा थप कसिलो बनाउँदै लैजादा अर्थतन्त्र पनि समस्यामा पर्दै गएको उनले बताए । आगामी २२ गतेबाट नाडाले घोषणा गरेको आन्दोलनमा सरकारसँग उसले बैंक र आयात प्रकृयासम्बन्धी मागहरु राखेको छ । बैंकहरुको लगानी क्षेत्रमध्ये अटोमोबाइल सबैभन्दा सुरक्षित भएकोमा अटोलोनको जोखिम भारलाई दोब्बर बनाउने विषय अस्वभाविक भएको अध्यक्ष थापाको भनाइ छ । ‘अटोलोनको जोखिम भारलाई दोब्बर बनाउनुपर्ने कुनै पनि कारण नै थिएन, अटोमोबाइल भनेको बैंकहरुको लागि सबैभन्दा सुरक्षित क्षेत्र हो’, उनले भने, ‘जहाँ बैंकहरुको १० प्रतिशतको हाराहारीमा लगानी रहेको छ, जहाँ जोखिम नै कम छ, त्यहाँ जोखिम भार बढाउनुपर्ने आवश्यकता नै थिएन ।’

बैंकहरुले अटोलोन प्रवाह गर्दा ९० प्रतिशत सम्म गर्ने गर्नेगरेकोमा त्यसलाई घटाएर ५० प्रतिशत बनाइदिँदा पनि सवारी साधन ऋय शक्ति कमजोर भएकाले सो विषयलाई पनि सच्याउनुपर्ने नाडाले माग राखेको छ । सरकारले आफ्ना मागहरु नसुन्दा ठूलो लगानी डुब्ने स्थिति आएकाले आफूहरु आन्दोलनमा आउनुपरेको भन्दै अध्यक्ष थापाले मागहरुको सुनुवाई नहुनेबेलासम्म चरणवद्ध रुपमा आन्दोलनमा व्यवसायीहरु उत्रने बताए ।

# सन् २०२२ मा नेपालको साढे आठ अर्ब अमेरिकी डलर रेमिट्यान्स पुग्ने अनुमान

**काठमाडौं / रासस–** नेपालमा सन् २०२२ मा रेमिट्यान्स आप्रवाह तीन दशमलव छ प्रतिशतले बढेर साढे आठ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । विश्व बैंकले सार्वजनिक गरेको ‘माइग्रेसन एन्ड डेभलपमेन्ट ब्रिफ’ रिपोर्टअनुसार गत वर्षको तुलनामा यस वर्ष रेमिट्यान्स बढ्ने देखिएको हो । सन् २०२१ मा नेपालले आठ अर्ब २० करोड अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याएको थियो ।



नेपालले रेमिट्यान्समार्फत आउने रकम मुद्दति निक्षेपमा राख्दा अतिरिक्त ब्याज दिने व्यवस्था गरेको, दैनिकरुपमा पठाउन सकिने रकमको सीमा बढाएको र विदेशी मुद्रा बचत खाता खोल्न सकिने व्यवस्था लागू गरेपछि त्यसको सकारात्मक प्रभाव देखिएको पनि रिपोर्टमा उल्लेख छ । कूल गार्हस्थ्य उत्पादन (जिडिपी) आकारको तुलनामा बढी रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल अग्रस्थानमा छ । नेपालले सन् २०२२ मा कूल जिडिपीको २२ प्रतिशत बराबर रेमिट्यान्स आर्जन गर्ने अनुमान विश्व बैंकको छ ।

सन् २०२२ मा विश्वव्यापी रेमिट्यान्स प्रवाहको वृद्धिदर चार दशमलव नौ प्रतिशत हुने अपेक्षा विश्व बैंकको छ । गत वर्ष अर्थात् सन् २०२१ मा विश्वभर पछिल्लो एक दशकयताकै उच्च रेमिट्यान्स परिचालन भएको थियो । सन् २०२० को तुलनामा सन् २०२१ मा १० दशमलव दुई प्रतिशतले रेमिट्यान्स प्रवाह बढेको विश्वबैंकको रिपोर्टमा उल्लेख छ । कोभिड महामारी, रुस-युक्रेन युद्ध, विश्वभर देखिएको मूल्यवृद्धिलगायत समस्याको असर आप्रवासी कामदार र रेमिट्यान्समा पनि देखिएको रिपोर्टमा उल्लेख छ ।

सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको रेमिट्यान्स प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ । त्यो गत वर्षभन्दा न्यून हो । गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको रेमिट्यान्स आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो । सन् २०२३ मा भने विश्व रेमिट्यान्स वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ । आगामी वर्ष दक्षिण एशियाको रेमिट्यान्स वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ ।

यस वर्ष दक्षिण एशियामा मात्रै एक खर्ब ६३ अर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स आउने अनुमान विश्व बैंकको छ । जनसङ्ख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ । अफगानिस्थानले आफ्नो जनसङ्ख्याको १३ दशमलव पाँच, श्रीलंकाले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ ।

त्यस्तै भूटानमा छ दशमलव पाँच, बंगलादेशमा चार दशमलव आठ, पाकिस्तानमा तीन र भारतमा एक दशमलव तीन प्रतिशत जनसंख्या आप्रवासी कामदारका रुपमा रहेका छन् । निम्न र मध्यम आय भएका मुलुकमध्ये सबैभन्दा बढी रेमिट्यान्स यस वर्ष भारतले भित्र्याउने अनुमान गरिएको छ । भारतले यस वर्ष एक खर्ब अमेरिकी डलर बराबर रेमिट्यान्स भित्र्याउने विश्व बैंकको अनुमान छ ।

त्यस्तै मेक्सिकोले ६० अर्ब डलर, चीनले ५१ अर्ब डलर, फिलिपिन्सले २८ अर्ब डलर, अरब रिपब्लिकले ३२ अर्ब डलर, पाकिस्तानले २९ अर्ब डलर, बंगलादेशले २१ अर्ब डलर र नाइजेरियाले २१ अर्ब डलर रेमिट्यान्स भित्र्याउने अनुमान गरिएको छ ।

# घाटापूर्ति गर्न आयल निगमले पेट्रोलियम पदार्थको मूल्य नघटाउने

**काठमाडौं / मस –** भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ । निगम हाल २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो । निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ । इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ ।

‘मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर ४३.९३ ले बढेर आएको छ । एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर दुई सय ७७.०२ घाटा भइरहेको छ’, विज्ञप्तिमा भनिएको छ, ‘निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब २७ अर्ब तिर्न बाँकी छ ।’




ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ । यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब ५८ करोड नाफा हुने निगमले जनाएको छ ।

‘हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनःघटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ’, विज्ञप्तिमा भनिएको छ ।

# बजेटको प्रभावकारी कार्यान्वयनका लागि शुरु भयो ‘बजेट वाच’




**काठमाडौं / मस –** चालू आर्थिक वर्षको बजेटको प्रभावकारी कार्यान्वयनका लागि सार्वजनिक निजी क्षेत्र संवादको रुपमा ‘बजेट वाच’ सुरु गरिएको छ । नेपाल उद्योग परिसंघको आयोजना, नेपाल आर्थिक पत्रकार समाज (सेजन) को सह-आयोजना तथा पायोनियर ल फर्मको बौद्धिक साझेदारीमा ‘सीएनआई बजेट वाच’ शुरु गरिएको हो ।

नेपाल सरकारले ल्याएको वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनमार्फत लिइएका लक्ष्यहरु हासिल गर्न रचनात्मक भूमिका निर्वाह गर्ने उद्देश्यका साथ यो पहल सुरु गरिएको हो । नेपाल सरकारका मुख्यसचिव डा. शंकरदास वैरागीको प्रमुख आतिथ्यमा शुक्रवार काठमाडौंमा आयोजित एक कार्यक्रममा बजेट वाच शुरु गरिएको हो ।

कार्यक्रममा मुख्य सचिव डा. बैरागीले देशको विकासका लागि उद्योग क्षेत्रको विकास नभएसम्म देशको विकास हुँदैन भन्नेमा सरकार सजग रहेको बताए । पूँजीगत खर्चको अंश अपेक्षाकृत रुपमा हुन नसकिरहेको भन्दै पूँजीगत खर्च बढाउनेतर्फ ध्यान दिन आग्रह गरे ।

‘नीतिगत सुधार गर्न कहाँ हस्तक्षेप गर्नुपर्छ, त्यहाँ निजी क्षेत्रबाट सुझावको अपेक्षा गरेका छौं’ उनले भने- ‘सरकारले लिएका योजना तथा कार्यक्रम सुधार सहि दिशामा छ कि छैन, ठिक मार्गमा छ की छैन भन्नेमा इमादारिताका साथ हेर्नुपर्छ ।’ अर्थतन्त्र सहज अवस्थामा नभएको भन्दै उनले त्यसबारेमा सरकार जानकार रहेको भन्दै अर्थतन्त्र सुधारका लागि आत्मविश्वास बढाउनुपर्ने बताए ।

चालू आर्थिक वर्षको बजेटमा उद्योग व्यवसाय, विकास निर्माणसँग सम्बन्धित औद्योगिक विकास, भूमि, नव प्रवर्तन, प्रत्यक्ष वैदेशिक लगानी, औद्योगिक क्षेत्र व्यवस्थापन, मेक इन नेपालः स्वदेशी, उर्जा, निर्यात प्रबर्द्धन, कृषि, पूर्वाधार, साना तथा मझौला उद्योग, पर्यटन, सार्वजनिक निजी साझेदारी, सूचना प्रविधिसँग सम्बन्धित ५५ वटा बुँदाका बजेट शिर्षक पहिचान गरिएको छ ।

५५ वटा बुँदालाई नवउद्यम, नवप्रवर्तन र सूचना प्रविधि, पर्यटन, उद्योग औद्योगिक विकास, औद्योगिक क्षेत्र व्यवस्थापन, साना तथा मझौला उद्योग, लगानी, सार्वजनिक निजी साझेदारी र प्रत्यक्ष वैदेशिक लगानी लगायतका शीर्षक राखिएका छन् । यस्तै, ऊर्जा, पूर्वाधार, सडक, हवाई सम्पर्क र कृषि, स्वदेशी उत्पादन र निर्यात प्रवर्द्धन तथा अन्यमा वर्गीकरण गरिएको छ । वर्गीकरण गरिएका ८ वटै विषयवस्तुमा छुट्टा छुट्टै रुपमा गहन छलफल गरिनेछ । यसको सुरुवात स्वरुप शुक्रवार नवउद्यम, नवप्रवर्तन र सूचना प्रविधिका क्षेत्रका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले बजेट राम्रो आउने तर कार्यान्वयन कमजोर हुने गरेको सन्दर्भमा परिसंघले निजी क्षेत्रको तर्फबाट पनि बजेटको सफल कार्यान्वयनका लागि यो पहल सुरु गरेको बताए । परिसंघले दिएका सुझावमध्ये ४० प्रतिशत बढी चालू आर्थिक वर्षको बजेटमा समावेश भएका छन् । बजेटमा समावेश भएका विषयहरूको पूर्ण कार्यान्वयन गर्दै मुलुकलाई औद्योगिकरणमा लैजानुपर्ने आवश्यकता रहेको उनले बताए । ‘यो बजेटको प्रभावकारी कार्यान्वयनले मुलुक औद्योगिकरणमा जान सक्छ’ उनले भने ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. तोयनारायण ज्ञवाली, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा.बैकुण्ठ अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मधुकुमार मरासिनी लगायतले बजेट कार्यान्वयनको अवस्थाका विषयमा जानकारी गराए ।

यस कार्यक्रमबाट नेपाल सरकारको वार्षिक बजेट (नीति तथा कार्यक्रम) कार्यान्वयनको प्रभावकारिताका लागि निजी क्षेत्रबाट सहयोगीको भूमिका तथा रचनात्मक निष्कर्षहरु हासिल हुने, बजेट कार्यान्वयन र (न्यून) पुँजीगत खर्चको निराशाजनक प्रवृत्तिमा सुधार आउने विश्वास परिसंघले लिएको छ ।

# काठमाडौंमा हस्तकला व्यापार मेला हुने

**काठमाडौं / रासस –** नेपाल हस्तकला महासंघले यही मङ्सिर २३ देखि २७ गतेसम्म १९ औं हस्तकला व्यापार मेला काठमाडौंमा गर्ने भएको छ । हस्तकला क्षेत्रको विकास तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले मेला गर्न लागिएको हो ।

काठमाडौं उपत्यकालगायत विभिन्न १७ जिल्लाबाट व्यवसायी तथा कालीगढको मेलामा सहभागिता हुने जनाइएको छ । धातुकला, मूर्तिकला, वास्तुकला, काष्ठकलाबाट निर्मित विभिन्न वस्तुको प्रदर्शनीका साथै हस्तकलासम्बन्धी प्रतियोगितासमेत गराइने मेलामा उत्कृष्ट प्रतियोगी छनोट तथा पुरस्कृत गरिने संयोजक डिल्लीरत्न तुलाधरले जानकारी दिए । प्रविधिको विकाससँगै नेपाली मौलिक तथा परम्परागत कला लोपोन्मुख बन्दै गएको अहिलेको अवस्थामा ती कला, संस्कृतिको संरक्षण गर्न देशभर दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने उनले बताए । हस्तकलाका विभिन्न वस्तु तथा गरगहनालगायत सामग्रीको माग विदेशमा बढेकाले परराष्ट्र मन्त्रालयमार्फत विदेशी दूतावास तथा नियोगमा पत्राचार गरी कूटनीतिज्ञलाई मेलामा सहभागी हुन आमन्त्रण गरिने आयोजकले जनाएको छ । काठमाडौंका विभिन्न ठाउँबाट प्रदर्शनीस्थल बौद्धस्थित ह्यात होटलसम्म निःशुल्क साझा बस सञ्चालनका लागि गृहकार्य भइरहेको जनाइएको छ । मेलामा करिब एक सय ५० बिक्री कक्ष रहने जनाइएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

“अपांगता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुचका लागि एकतावद्ध खबरदारी”
- अपांगता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,
- सार्वजनिक विद्युतीय सूचना प्रणालीलाई पहुँचयुक्त बनाऔं ।
- अपांगता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं ।
- सबै अपांगता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं ।

३१ औं अन्तर्राष्ट्रिय अपांगता दिवस सफल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**